# येशू अनि उहाँका प्रेरितहरुले सुसमाचार प्रचार गरे

नानीहरुलाई सिकाउनेले अध्ययन एम 2 बी. पढ्नु पर्छ।

ईसाईहरुले येशूको मुक्ति, मृत्यु अनि पुनरुत्थान अनि उहांको शक्तिशालीताको प्रतिज्ञा अनि पश्चतापी विश्वासीहरुलाई अनन्त जीवनको बारेमा आदिम सुसमाचार सुनाउछन् (लूका 24:46-48)।

## 1. सुसमाचार प्रचार गर्नलाई तपाईको हृदय तयार पार्नुहोस्।

असल प्रचारले मानिसहरुलाई तिनीहरुको पापको पश्चताप गर्न अनि येशू ख्रीष्टमा विश्वास गर्नमा डोरयाउदछ। जब हामी आदिम सुसमाचार मानिसकहरुलाई सुनाउंछौ, तब पवित्र आत्माले तिनीहरुलाई पश्चातप गर्न अनि विश्वासगर्नमा मदत गर्दछ।

येशू द्वारा पाइने क्षमताशील अनि अनन्त जीवनको सुसमाचारको उपदेश राम्ररी सिक्नलाई तल उदधृत गरिएको बाइबलका मौलिक कथनहरु ध्यानसित पढ्नुहोस्।

येशूले मर्नमन्दा अघि अनि बौरी उठ्न भन्दा अघि आफनो बारेमा के भविष्यवाणी गर्नुभएको थियो, लूका 24:36-48 मा पाउनुहुनेछ।

- उहाँ कहाँ मर्नु पर्नेथियो ?
- अन्यजातीहरुले उहाँलाई के गर्नलागका थिए ?
- येशू आफैले तीन दिन पश्चात के गर्दैहुनुहुन्थ्यो ?

खबर ल्याउने दुइ व्यक्तिहरुले ती स्त्रीहरुलाई येशूको बारेमा के भने लूका 24:5-9 मा पाउनुहुनेछ...

- पापीहरुले उहांलाई के गरे ?
- उहाँ कसरी मर्नुभयो ?
- तीन दिन पछि उहाँले के गर्नुभयो ?

येशू मरेर अनि बौरी उठेपछि आफैले के घोषणा गर्नुभएको थियो लूका 24:36-4 मा पाउनु हुनेछ...

- येशूले आफैलाई मरेकाहरुबाट सांच्चै बौरी उठनु भएको हो भनि कसरी प्रमाणित गर्नुभयो (पदहरु 36-43)।
- कुन पवित्र पुस्तकहरु अनि पवित्र मानिसहरुले उहाँको मृत्यु अनि पुनरुत्थानको अगमवाणी गरेका थिए (44-45)।
- कष्टको तीन दिन बाद उहाँ आफैले के गर्नुथियो (46)।
- यस विषयमा येशूका चेलाहरुले के गर्नु थियो ? (48)।

पत्रुसले तिनको भाषणमा यहूदी मानिसहरुलाई घोषणा गरेका प्रेरित 2:22-24 अनि 37-38 मा पाउनु हुनेछ...

- पत्रुसले येशूको मृत्यु र पुनरुत्थान बारे के भने (2:21-24)।
- यहूदीहरुले क्षमा पाउन अनि पवित्र आत्मा पाउनलाई के गर्नु पर्ने थियो (2:37 र 38)।

पावलले अयहूदी मानिसहरुलाई तिनको उपदेशमा घोषणा गरेथे प्रेरित 2:21-24 र 37-38 मा पाउनु हुन्छ...।

- के को निम्ति अन्य जातीहरुले (अ-यहूदी) के गर्नु थियो (20)। (ध्यान दिनोस् कि परमेश्वरको दुवै जाती यहूदी अनि अन्यजातीहरुले बांच्नको निम्ति पश्ताप गरेको चाहनुहुन्छ)।

- येशूको मृत्यु अनि पुनरुत्थान बारे (23)। जब हामी बप्तिस्मा लिन्छौ हाम्रो आत्मिक अवस्था के हुदंछ, रोमी 6:8–14 मा पाउनु हुन्छ...
- जब ख्रीष्ट मर्नुभयो, अरु को उहाँसँग मरे? (8–9)।
- जब ख्रीष्ट बौरी उठे, अरु को उहांसित बौरी उठे?

**2. हप्ता भरी गरिने विषयहरुको योजना सह–कर्मीहरुसित बनाउनुहोस्।**

येशूको शक्ति द्वारा चंगाइ अनि छुटकारा पाएका विश्वासीहरुलाई भेट गर्नु होस्, अनि तिनीहरुलाई सुसमाचार बताउनुहोस्, अनि रोमी 5:20 अनि 10:9–10 को प्रतिज्ञाहरु तिनीहरुलाई सुनाउनुहोस्।

तपाईले अनि सह–कर्मीहरुले सुसमाचार कसरी सुनाउंदै हुनुहुन्छ, अनि येशूलाई मृत्यु दण्ड दिइयो अनि जीवनमा फर्कि आउनु भयो भनि संधै घोषणा गर्नलाई, अनि मानिसहरुले तिनीहरुको पूरानो जीवनलाई त्यागेर नयाँ जीवनको निम्ति ख्रीष्टमाथि भरोसा गर्न पर्छभनि सह–कर्मीहरुसित छल–फल गर्नुहोस्।

चित्रहरु चलाउनु होस्। धर्म सम्बन्धीको चित्रहरु यदि तपाईको संस्कृतिमा मञ्जुर हुन्छ भने मानिसहरुलाई येशूको सुसमाचार सुनाउंदा चलाउने साधारण चित्रहरु माथि छन्।

**3. आउने आरधनाको समयको योजना सह–कर्मीहरुसित बनाउनुहोस्।**

मानिसहरुको खांचो अनुसार मिल्ने क्रिया–कलापहरु चुन्नुहोस्

येशू मुर्दाबाट बौरी उठनु भए पछि आफ्ना चेलाहरु कहां देखा पर्नुभएको अभिनय गर्नुहोस् वा भन्नुहोस्, अनि लूका 24 अध्याय (भाग 1) मा तपाईले जे पाउनु हुन्छ बुझाउनुहोस्। तपाईले पाउनु भएकोबाट प्रश्नहरु सोध्नुहोस्।

नानीहरुले तयार पारेका नाटक, कविता, अनि प्रश्नहरु प्रौढ़हरुको निम्ति प्रस्तुत गर्नलाउनु होस्।

अविश्वासीहरुलाई साधारण शक्तिमय संदेश पुर्‍यउन विश्वासीहरुलाई चित्रमा झैं तयार पार्नु होस्।

**तपाईले दुइ कुरो जान्नु अनि दुई कुरो गर्नु खांचो छ। जान्नु गर्नु।**

(1) परमेश्7वरले तपाईलाई नरकमा फाल्नुहुनेछ किनभने तपाइले लाज्जाजनक कामहरु गर्नु भएको छ।

(2) तपाईको लज्जाजनक कामहरुको कारण येशू आउनुभयो अनि क्रूसमा मर्नुभयो, अनि तपाईलाई क्षमा गर्न अनि उहांमा अनन्त जीवन दिनलाई बौरी उठनुभयो।


प्रभुभोज परिचय गर्नलाई, लूका 23:13–48 बाट येशूको क्रूसको वचन भन्नुहोस् वा पढ़नुहोस्।

विश्वासीहरुको सानो झूण्डहरु बनाउनुहोस् :

- मित्रहरु अनि नातेदारहरु बचाइनलाई प्रार्थना गर्नु।
- तिनीहरुलाई सुसमाचार बताउने मार्गहरुको निम्ति प्रार्थना गर्नु।
- तिनीहरुलाई भेटने योजना गर्नु।
- मानिसहरुले दुई कुरा जान्नु अनि दुइ कुरा गर्नै पर्छ (माथिका) भन्ने कुराहरुलाई एकसाथ कण्डस्थ पार्नु।

लूका 24:46–48 एकसाथ कण्डस्थ गर्नु होस।

**पावल-तिमोथी गोठालोको अध्ययन-प्रचार, एम 2 ए**




येशू संसारमा मानिसको रूपमा आउनुभयो, पवित्र जनहरुले धेरै समय अघि प्रतिज्ञा गरे अनुसारको समय अनि स्थानमा जन्मनु भयो।




येशूले असल काम द्वारा, रोगीलाई चंगाइ गरेर अनि भूतात्मालाई निकालेर, मेरकाहरुलाई जिलाएर उहाँनै प्रतिज्ञा गरिएको एकमात्र हुनु हुन्छ भनि प्रकट गर्नु भयो। परमेश्वरलाई कसरी जान्नु त्यो उहांले सिकाउनु भयो।



दुष्ट धार्मिक गुरुहरुले येशूलाई तिरस्कार गेर, दुष्ट अविश्वासीहरुले उहांलाई काठको क्रूसमा किला ठोकेर मारे जहां प्रभु मर्नुभयो।



अधिकारीले येशूलाई चिहानमा गाँड्न भनि तिनका मित्रहरुलाई दिए। रोमी सरकारले त्यस ठाउँलाई मानिसहरु देखि अलग राख्न सिपाहीहरु तैनात राखे।



तीन दिन पछि, येशू मृत्युबाट बौरी उठनु भयो, अनि धेरै मानिसहरुमा प्रकट हुन भयो। उहाँले मानिसहरुलाई तिनीहरुको बाट परिवर्तन गर्न अनि तिनीहरुको दुष्टकामहरुबाट क्षमा पाउन अनि उहांको आफनै अनन्त जीवन दिनलाई प्रतिज्ञा गर्नु भयो।

# येशूले उहांका चेलाहरुलाई सुसमाचार अरुलाई सुनाऊ भन्नु भयो

## सुसमचारलाई साधरण शब्दहरुमा कसरी सुनाउनु नानीहरुलाई सिकाउनु होस्।

**प्रार्थना :**"प्रिय: प्रभु, येशूको बारेमा जान्न अनि सुसमाचार सुनाउनलाई बालकहरुलाई मदत गर्नुहोस्।"

यी मध्ये कुनै वा सबै क्रियाकलापहरु नानीहरुले सिक्नलाई चुन्नुहोस्।

ठूला नानीहरु वा शिक्षकले येशू बौरी उठनु भए पछि उहांले सुसमाचार कसरी सुनाउनु भयो, लूका 24:1-8 अनि 36-50 बाट कथा पढ़ी दिऊन। यस कथाले सुसमाचारलाई छोटकरीमा सजिलो सित अरूलाई कसरी सुनाउनु भनि दर्शाउँदछ।



कथा सुनाए पछि, सोघ्नुहोस् :

- जब यीशूलाई मुदीहरुबाट बौरी उठन भएको देखे के कुरोले तिनीहरु डराए? (उत्तर पद 37)
- येशूले चेलाहरुलाई म साक्षात शरीरमा छु भनि कसरी प्रमाणितगर्नु भयो (पद 39-43)
- येशूको बारेमा अगमवाणी भएको बाइबलमा कहां पाउंदछौ (पद 44)
- येशूलाई के हुनेछ भनि धर्मशास्त्रले के बताएका थिए? (पद 46)
- हामीले सारा संसारमा के घोषणा गर्नु भनि येशूले भन्नु भएको छ? (पद 47)
- चेलाहरुले माथिबाट के पाउने छन् भनि येशूले प्रतिज्ञा गर्नुभयो? (पद 49)
- येशू स्वर्गरोहन भए पछि चेलाहरुले के गरे? (पद 52)

सुसमाचारको कथालाई नाटकमा प्रस्तुत गर्नुहोस्।

यो नाटकलाई तयार पार्नमा नानीहरुसित समय बिताउनु होस्। तपाईले यसलाई छोटयाउन सक्नु हुन्छ।

ठूला नानीहरु वा प्रौढ़रुहरुलाई यी भागहरु खेल्नलाई दिनुहोस...

- कथक। कथालाई छोटकरीमा बताउने अनि नानीहरुले के भन्न पर्छ याद दिलाउने।
- येशू। एउटा टेबल वा कुर्सी तयार पार्नुहोस, अनि साधरण खाने थोकहरु।

साना नानीहरुलाई चेलाहरुका भाग खेल्न दिनुहोस्।

## नाटक, भाग-1 (लूका 24:36-43)

**कथक :**कथाको पहिलो भाग सुनाउनु होस् (पद 36-43)।

भन्नोस, ''सुन्नुहोस् चेलाहरुले के भन्दछ।''

**चेलाहरु :**''के येशू जीउन सक्नुहुन्छर ?''उहाँ मृत्यु देखि जीवनमा फेरि फर्की आए ?''पत्रुसले भन्दैथिए तिनले उहांलाई देख्नु भयोरे।''''इम्माउसका दुइ चेलाहरुले पनि उहाँलाई देखे भन्दै थिए।''''मलाई त विश्वास लाग्दैन।''

**येशू :**''तिमीहरुलाई शान्ती।''

**चेलाहरु :**डराएको झै गर्ने। काल्लिनु। भन्ने, ''अहो, होइन्!''''यो त प्रेत हो! मलाई डर लाग्यो।''

**येशू :**म कुनै प्रेत होइन। मलाई छोएर हेर! मलाई केहि खानलाई देओ। प्रेतले खांदैन किनभने त्यसको मासु र हाड़ हुंदैन। मेरो त मासु र हाड़ छ।

**चेलाहरु :**येशूलाई केहि खानलाई दिंदछ। भन्दछ, ''हेर, उहाँले माछा खाँदै हुनुहुन्छ, उहाँ प्रेत हुनै सक्दैन।''

## नाटक भाग-2, लूका 24:44-53

**कथक :**कथाको दोस्रो भाग सुनाउनु होस् (पदहरु 44-53), भन्नोस् ''सुन्नुहोस्, येशूले के भन्दै हुनुहुन्छ।''

**येशू :**''तिमीहरु किन उदेक मान्दछौ ?'' यी सबै कुरा पुरा हुनेछ भनि बाइबलले बताउँदछ। मैले कष्ट भोग्नु, मर्नु अनि बौरी उठनु थियो।''

**चेलाहरु :** ''कत्ति आश्चार्य! हामीले बुझेका थिएनौं।''

**येशू :**''अब सारा जगतमा तिमीहरुले पश्चताप अनि क्षमाशीलता को घोषणा मानिसहरुलाई गर्नुछ। तर पवित्र आत्मा पिताले नपठाउञ्जेल तिमीहरु पर्खी बस जसले तिमीहरुलाई गवाही दिनलाई शक्तिदिनुहुनेछ। आउ, हामी जाऊं।''

**सवैजना :**केहि समयलाई एक साथ हिड़नु होस्।

**येशू :**तिम्रो हात उठाएर आशिर्वाद दिने, अनि त्यसपछि स्वर्गमा माथि जाँदछ (राखिएको टेबल वा कुर्सी माथि चढ़नु होस्।)

**चेलाहरु :**जमीनमा घुंड़ा टेकदछ अनि परमेश्वरलाई महिमाको स्तुती टक्र्याउँदछ। उठनु होस् अनि भन्नोस्, ''येशू प्रभु हुनुहुन्छ।'' हामी उहांलाई हाम्रा सारा हृदयले भजने छौं अनि सेवा गर्नेछौ!''हामी उहाँको बारेमा सबैलाई भन्नेछौं।''

**कथक वा ठूला नानी :**नाटकमा सहयोग दिने सबैलाई धन्यवाद दिनुहोस्। सुनीदिनु भएकोमा प्रौढ़हरुलाई धन्यवाद दिनुहोस्।

मण्डलीका अगुवाहरुसित मिलेर नानीहरुको निम्ति प्रबन्ध गर्नु होस्...

- नाटकलाई आरधनाको समयमा प्रौढ़हरु माझ प्रस्तुत गर्नलाई।
- अध्ययनको शुरूमा सुचित गरिएको प्रश्नहरु प्रौढ़हरुलाई सोध्नलाई।
- तिनीहरुले तयार पारेका कविता, चित्रहरु अनि अरु कुनै कुरो प्रस्तुत गर्नलाई।

नानीहरुलाई सोध्नु होस्...हामीले कुन समयमा सुसमाचारलाई साधरण शब्दहरुमा अरुलाई बाँड़न सक्छौं भनि केहि उदाहरणहरु सहित बताउनु होस् ? (रेल यात्रामा, मित्रहरुको घरमा जांदा, इत्यादि)। मानिसहरुले उदाहरणहरु देऊन।

क्रूसको चित्र बनाउनुहोस्, नानीहरुले नकल गरुन।



- ठूला नानीहरुले सानाहरुलाई मदत पुऱ्याउन।
- आरधनाको समय तिनीहरुका चित्र प्रौढ़हरुलाई देखाऊन अनि येशूले कसरी कष्ट भोग्नु भयो अनि मर्नु भयो भनि बुझाउन लगाउनुहोस्।
- सुसमाचारलाई तीन भागमा भन्न लगाउनु होस् :

(1) हाम्रो पापको लागी येशूलाई दण्ड दिइयो अनि मर्नुभयो।

(2) उहाँ मृत्युबाट बौरी उठनु भएको छ अनि संधै भरी रहिरहनुहुन्छ।

(3) परमेश्वरले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ अनि नयाँ जीवन दिनु हुन्छ।

लूका 24:46–49 मा भएको सुसमाचारलाई कण्डस्थ गर्नु होस्। साना नानीहरुले पद 46 मा सिके हुन्छ।

**कविता :**तीन जना नानीहरुले एक एक पद गरी भजन संग्रह 13:3,4 अनि 5 मुख्त सुनाऊन।

**प्रार्थना :**''प्रिय येशू, तपाईले हाम्रो निम्ति कष्ट भोग्नु भयो अनि मर्नुभयो, धर्मशास्त्र अनुसार नै तेस्रो दिनमा जीवित हुनु भयो। तपाईको नाउँमा हामी पश्चताप गर्न सक्छौं अनि पापहरुको क्षमा गर्नु हुन्छ। तपाईको आत्मा हामीमा पठाएर सुसमाचार सुनाउनलाई तपाईले शक्ति दिनुहुन्छ। तपाईले हामीलाई आनन्दले भर्नु हुन्छ।''

# बप्तिस्मा दिने यहून्नाले मानिसहरुलाई पश्चाताप गर्न बोलाए

बालकहरुलाई सिकाउनेले अध्ययन आर. 3 बी पढ्नु पर्छ।

**प्रार्थना :**"स्वर्गमा हुनु हुने प्रिय बुवा, हामीलाई यूहन्ना झैं पापी मानिसहरुलाई पश्चताप गर्न अनि येशूमा फर्काइ ल्याउनमा सहायता गर्नुहोस्। पापमा फंसेकाहरुलाई नम्रतासित तपाईमा फर्काउन हामीलाई मदत गर्नुहोस्।"

1. **तपाईको हृदयलाई परमेश्वरको बचनले तयार पार्नु होस्।**

यूहन्ना बप्तिस्माले हजारौं मानिसहरुलाई पश्चतापको निम्ति कसरी ल्याए, लूका 3:1-18 मा पाउनु हुनेछ।

- मानिसहरु बप्तिसमा लिनलाई आए किनभने तिनीहरु आफैले तिनीहरुलाई असल संम्झन्थे, यूहन्नाले तिनीहरुलाई के भनें?
- जब मानिसहरु तिनीहरुको पापको पश्चताप गर्दै आए, यूहन्नाले तिनीहरुलाई के गरे?



लूका 15:1-10 मा हराएको भेंड़ाको उखान पत्तो लगाउनुहोस्, स्वर्गमा दूतहरु किन रमाए।

कोहि गोठालाहरुलाई पश्चतापको निम्ति कर लगाउंछन् अनि गाली गरेर घम्की दिंदछ। येशूले यस कथा बाट, हामीले त्यसै गरेको चाहनु भएको हुनाले के, बुझाउनु हुन्छ।

- कल्पना गर्नुहोस, कि तपाई एउटा हराएको 'भेड़ा' हुनुहुन्छ, तर असल गोठालाले तपाईलाई भेटाएको छ।



- तपाईलाई उहाँका मानिसहरुसित राख्नलाई उहाँले तपाईको बाहुलीमा पक्रनुहुन्छ।
- तपाई डराउनु हुन्थ्यों कि उहांले तपाईलाई हप्कानु हुन्छ अनि दण्डदिनु हुन्छ, तर उहांको मुहारमा आनन्द अनि प्रेम झल्कन्छ।
- अघि वा पछि, हामी सबै बरालिएका हौं, तर बरालिएको भेंड़ाहरु येशूको निम्ति बहुमुल्यका हुनछन्।
- गोठालाले बाटो बिराउनेलाई नपाइञ्जेल अनि फकाई नल्याउञ्जेल सम्म बांकीलाई छोड़न पनि राजी हुनुहुन्छ।
- हामी बरालिएका भए पनि येशूले हामीलाई प्रेम गर्नुहुन्छ। उहाँले हामीलाई घेरै माया गर्नुहुन्छ किनभने उहां हाम्रो निम्ति मर्नु भयो, रोमी 5:8।

- बुलाहटको विशेष भाग पापहरुको पश्चताप गर्नलाई, बरालिएको विश्वासीहरुलाई फिर्काइ ल्याउन तिनीहरुलाई प्यार गर्न, हामीले पाउन पर्ने अनुशासीत दण्ड देखि छुटयाउनलाई हुन्।
- यदि तपाईले एउटा नानीलाई रीसले अनुशासन गर्नुहुन्छ भनें, उसले पनि रिसाएर उत्तर दिन सक्छ। यदि प्यारको साथमा अनुशासन गर्नु हुन्छ भने, तिनले सिक्नेछन्।
- जब बगालका एक सदस्य बरालिएर जाँदछ, तिनलाई अनुशासन गर्नुको उदेश्य फिर्काइ ल्याउनु हो, सजाय दिनु होइन।
- प्रेरित पावलले गलाती 6:1 मा भनेका छन्, ''हे भाई हो, यदि मानिस कुनै अपराधमा पक्राउ पर्‍यो भने पनि तिमी आत्मिकीहरुले चांहि नम्रताको आत्माले आफै परीक्षामा नपर्रौ भनी आफनो पनि विचार राख्तै यस्तोका सुधार गर।
- कहिले कार्ही हामीले कसैलाई सुधार गर्नलाई कड़ा मुद्दा चलाउंने पर्छ तर संधै प्रेमको साथमा हामीले गर्नु पर्छ।

**2. साता भर गरीने क्रियाकलापको योजना सह-कर्मीहरुसित बनाउनु होस्।**

जसलाई ख्रीष्टको दर्रकार छ ती मित्रहरुलाई भेट गर्नु होस् अनि परमेश्वरले तिनीहरुलाई प्रेमगर्नु हुन्छ अनि तिनीहरुका पापहरु क्षमा गर्नु हुनेछ, अनि सांचो पवित्र आनन्दको अनन्त जीवनमा राख्न चाहनु हुन्छ भनी बुझाउनु होस्।

बरालिएका विश्वासीहरुलाई भेटगर्नलाई भ्रमण गर्नुहोस्। गलाती 6:1 मा भने अनुसार तिनीहरुलाई सुधार गर्नुहोस्।

- तिनीहरुको परिवर्तनलाई याद गरेर प्रेमसाथ तिनीहरुलाई मदत गर्नु होस्।
- परमेश्वरले तिनीहरुको अधर्मलाई देखाइ दिऊन भनी खोजी गर्नुहोस्।
- यदि तिनीहरुले परमेश्वरको महान प्रेमलाई बुझदैनन् भने छुटयाउने कोशिस गर्नुहोस्।
- तिनीहरुको जीवन परिवर्तनको निम्ति तिनीहरु संग मिलेरा परमेश्वरलाई प्रार्थना गर्नुहोस्।

**3. आउने दिनको आराधनाको योजना तपाईको सह-कर्मीहरुसित बनाउनु होस्।**

बर्तमान खांचोहरु अनि स्थानीय रितीहरुलाई सुहाउंने क्रियाकलापहरु चुन्नुहोस्।

लूका 3:1-18 देखि बप्तिस्मा दिने यहून्नाको कथालाई भन्नुहोस् वा नाटकमा झल्काउनु होस्। तपाईले भाग-1 मा के पाउन भयो त्यसबारे प्रश्नहरु गर्नुहोस्।

हराएको भेड़ाको उखानलाई भन्नुहोस् वा-नाटक गर्नुहोस्। प्रभु येशूले चाहनु भए झैं मानिसहरुलाई पश्चतापको निम्ति बोलाउन अनि बरालिएका भेड़ालाई सुधार गर्नलाई भाग-1 देखि बुझाउनु होस्। हाम्रो मुक्तिको निम्ति मानिसहरुले के गर्छन्, अनि परमेश्वरले के गर्नु हुन्छ बुझाउनु होस् :

- पश्चताप गर्नैपर्छ, अर्थात ह्रदयको परिवर्तन अनि परमेश्वरमा भरोसा (यहून्ना 3:1-8)
- हामी विश्वासीहरुलाई परमेश्वरले क्षमा दिनुहुन्छ अनि सदाको निम्ति उहांका जनहरुलाई छापलगाउनुहुन्छ : अनि उहांको पवित्र आत्माले हामीलाई आत्मिकी पुनर्जीवन दिनुहुन्छ (एफिसी 1513-14)।

प्रभुभोज परिचय गर्दा लूका 3:4-7 बाट मानिसहरुले तिनीहरुको पापहरु स्वीकार गर्नलाई बप्तिस्मा दिने यूहन्ना कहां आएको बारेमा पढ़नुहोस्।

यस्तै प्रकारले प्रभुभोज लिन भन्दा पहिले बिश्वासीहरुले पनि आफैलाई जांचेर अनि परमेश्वरलाई हाम्रो पापहरु स्वीकार गर्नु पर्छ भनि बुझाउनु होस्, 1 कोरिन्थी 11:28।

नानीहरुलाई जक्कैको बारेमा नाटक प्रस्तुत गर्नलगाउनु होस्। नाटक पश्चात प्रौढ़हरुलाई प्रश्नहरु गर्नलाई तयार गराउनु होस्।

हाम्रो पूनर्जन्म मानिसको पक्ष अनि परमेश्वरको पक्ष लाई बुझाउनु होस्।

- हाम्रो पक्ष :पश्चताप (परमेश्वरले हामीलाई क्षमा गर्नु हुन्छ अनि हाम्रो हृदयलाई परिवर्तन गर्नुहुन्छ भनि भरोसा राख्नु), रोमी 12:2
- परमेश्वरको पक्ष :नयाँ जीवन दिनुहुन्छ अनि हामीलाई सदाको निम्ति उहाँको जन बनाएर छाप लगाउनुहुन्छ, 1 पत्रुस 1:3, एफिसी 1:11-14।
- प्रथम, याकूब 2:14-23 पढ्नु होस्। त्यस पछि सोध्नु होस् :
- याकूबले कस्तो दुइ किसिमको बिश्वासलाई जनाएका थिए?
- सोध्नु होस् :दुइ किसिमको विश्वासमा के अन्तर छन्? (परमेश्वरले विश्वास हेर्नुहुन्छ जसले असल कामहरु अनि जीवनको परिवर्तन गर्दछ। पश्चताप नगरी चालू गरिएको विश्वास सित होशियार रहनुहोस्। याकूबले भन्दछ कि दुष्ट शैतानले पनि विश्वास गर्दछ अनि काप्दछ।)
- कविता पढ्नुहोस्, ''शैतानले नयाँ गोठालाको कानमा कानेखुशी गर्छ।''

झूटो लक्ष्य, वाण उड्छ, धूर्त झूटको विष बोकेर!

प्रचण्ड वाणको सन्देश? ''न सोध, यदि ख्रीष्ट तिनीहरुको हृदयमा वास गर्छभने!''

''अनुग्रहको प्रतिज्ञा मात्र, परमेश्वरको विधिहरु भुलेर, तिम्तो यज्ञ मर्नलाई जे सुकै मन!

पश्चताप गर्नै पर्छ भनि नयन अनि स्वर्गमा पुग्छौ जान।

''विरोध नगर नता आंसु नै बहाऊ, चिलाएको कानको मजा लेओ, अनि फलविहिन रित्तै चढ़ाउनु-मैंले अंगालेका कुराहरु समेत!''

परमेश्वरले पश्चताप गर्नलाई कसरी मदत गर्नुहुन्छ त्यसबारे मानिसहरुलाई शाक्षी दिन लगाउनुहोस्।

यहां एउटा तरूनी स्त्रीको उदाहरण छ। ''धेरै वर्ष सम्मन म एउटा गुरुको पछि लागे थे, संस्कृतमा पूजा पाठ गर्थे अनि एउटा आश्रमा बस्थें। मेरो आफनै अस्तित्वको उत्पत्ती गर्नलाई प्रयास गर्दा मर्न लागेकी थिएं। एक दिन मैले आफैलाई बचाउन नसकने आशाविहीन तुच्छ पापीको रूपमा भेटाएं, अनि येशूले मात्र मलाई प्रेम गर्नु हुन्छ अनि बचाउंनु हुन्छ भनि थाहा पाएँ। मैले शक्तिहिन देवहरुलाई त्यागी दिएँ, अविश्वास गरेकोमा क्षमा मांगे अनि जीवन येशूलाई सुम्पिदिएं।''

मर्कूस 1:5 एक साथ कण्डस्थ गर्नुहोस्।

# येशूले एउटा चोरलाई रुखमा भेटाए

## पश्चाप गर्नलाई नानीहरूलाई मदत गर्नुहोस्।

यी क्रिया–कलापहरू मध्ये कुनै पनि नानीहरूको उमेर अनि खाँचोहरूमा मिल्ने चुन्नुहोस्।

ठूला नानीहरू वा शिक्षक : लूका 19:1–10 मा जक्कैको कथा पढ्नुहोस। यो एउटा यस्तो व्यक्तिको बारेमा हो जसले येशूलाई भेट गरे पछि चोरी गरेको पैसाको निम्ति पश्चताप गरे।

यो अध्ययनको पछिल्लो पन्नामा भएको चित्रलाई रंग भर्न वा नकल गर्न नानीहरूलाई दिनुहोस्।

**सोध्नुहोस :** (उत्तर हरएक प्रश्नको पछि दिएका छन्।)

- जकैले केको जागीर गर्थ्यो? (पद 2 हेर्नुहोस्, महसुल उठाउने जसले मानिसहरूलाई ठगेर धेरै महसुल उठाउने गर्थे। फाल्तु पैसा कमाएर धनी भएका थिए। तिनी चोर थिए)।
- जक्कै किन रूखमा चढ़े? (पद 3 हेनुहोस्)
- जक्कै चोर भएता पनि प्रभु येशूले कसरी क्षमा दिएर उहाँको प्रेम देखाउनुमयो? (पद 5 हेर्नुहोस्। येशू तिनको घरमा खानलाई जानु भयो।)
- येशू जक्कै सित बोल्दा हुँदी तिनलाई कस्तो विचार भयो?
- जक्कैले जाने कि येशूले तिनलाई क्षमा गर्नुमयो! उसले कृतज्ञता कसरी प्रकट गरे? (पद 8 हेर्नुहोस्)।
- येशूले कसलाई बचाउन आउनु भएको? (पद 10 हेर्नुहोस्)

जक्कैको कथालाई नाटकीय रूपदिनु होस्। यो छोटो नाटक आराधनाको समयमा नानीहरूले प्रस्तुत गर्नको निम्ति अगुवाहरूले प्रबन्ध गरी दिऊन। नाटक तयार पार्नलाई नानीहरूसित समय बिताउनुहोस्। तपाईले सबै भागलाई न चलाए पनि हुन्छ।

- ठूला नानीहरू वा प्रौढ़हरूले यी पाठहरू गरून्।

**कथक :** कथालाई छोटकरीमा बताउने अनि नानीहरूले के गर्ने अनि बोल्ने भनि समझना गराइएर सहयोग दिने।

**येशू।**

**जकै।** एउटा थैलीमा ढूंङ्गा वा कागजको टुक्रा, रुपियां–पैसा लाई प्रतिनिधित्व गर्ने।

- साना नानीहरू भिड़का मानिसहरू बनिदिऊन।

**कथक :** कथाको पहिलो भाग भन्नुहोस् (लूका 19:1–6)। त्यसपछि भन्नोस, ''सुन्नुहोस् मानिसहरूले के भन्दछन्।''

**मानिसहरू:** ''येशू आउँदै हुनु हुन्छ।''

''हेर–हेर जक्कैलाई। तिनी रूखमा चढ़दै छन्।''



''मलाई कर उठाउंदा त्यसले मलाई ठगेर पैसा चोर्‍यो।''

''त्यो पुड्के मान्छे साह्रै धूर्त छ।''

''मलाई लाग्छ येशूले त्यसलाई दण्ड दिनेछ।''

**जक्कैः** एउटा कुर्सी माथि चढ़ेर खड़ा हुंदछ।

**येशू :** माथि हरेरे भन्दछ, जक्कै तल ओर्ली आऊ। आज म तिम्रो घरमा भोजन खान जानेछु।''

**कथकः** कथाको दोस्रो भाग सुनाउनु होस् (पद 7–10) अनि भन्नोस, ''सुन्नुहोस् जक्कैले के भन्दछ।''

**जक्कै :** कुर्सीबाट तल ओर्लनुहोस् अनि भन्नोस्, ''येशू मेरो घरमा आउंदै हुनुहुन्छ। उहाँले मलाई क्षमा गर्नुहुन्छ! म खुशि छु। मैले जो चोरकोछु त्यस भन्दा बड़ताम फिर्ता गरिदिनेछु।'' (थैली बाट पैसा निकालेर मानिसहरूलाई दिएको वहना गर्ने।) भन्नोस्, ''म गरीबहरूलाई सहयोग गर्नेछु। लेऊ, यो पैसा म तिमीलाई दिन्छु। लेऊ, लैजाऊ।''

**येशू :** ''म यस्ता व्यक्तिहरूलाई बचाउनलाई आएँ। जक्कै नष्ट मएकोथियो। तर अब तिनी बचाइएका छन्।''

**मानिसहरू :** जक्कैले मलाई दिएको पैसा हेर।''

: येशूले चस्तो चोरलाई कसरी परिवर्तन गर्नुभयो?''

: परमेश्वरले मेरा पापहरू पनि क्षमा गरिदिएको म चाहन्छु।''

**कथकः** नाटक सिधियो भन्नुहोस्। नानीहरूलाई धन्यवाद दिनुहोस्।

यदि जक्कैको कथाको नाटक प्रौढ़हरूको निम्ति गर्ने हो भने, पृष्ठ–1 मा दिइएको प्रश्नहरू प्रौढ़हरुलाई सोध्न होस्।

नानीहरूलाई सोध्नुहोस् : हाम्रो पापको क्षमाको निम्ति परमेश्वरलाई अरू कुन तरिकाले कृतज्ञता प्रकट गर्न सकछौं उदाहरणहरू देऊ! (नानीहरूलाई उदाहरण दिन लगाउनुहोस्।)

पैसाको एउटा थैलीको चित्र कोर्णुहोस्। नानीहरूलाई नकल गर्न लाउनुहोस्। तिनीहरूले आफना चित्रहरू अर्को आराधनामा प्रौढ़हरूलाई देखाउन। परमेश्वरले हाम्रो हृदय कसरी परिवर्तन गर्नु हुन्छ भनी यस दृष्टान्तबाट बुझाउन लाउनुहोस, पैसालाई भन्दा बड़ी हामीले उहाँलाई प्रेम गर्नु महत्वपूर्ण हुँदछ।

**पावल–तिमोथी बालकहरूको अध्ययन–प्रचार, आर. 3 बी.**



यशैया 1:18 कण्ठस्थ पार्नु होस्।

कविता सुनाउ : तीन जना नानीहरू प्रत्येकले एक एक पद गरी भजन संग्रह 51:1, 7 अनि 13 सुनाउन्।

**प्रार्थना:** ''बुवा, तपाईलाई धन्यवाद, किनभने तपाईले हामीलाई असाध्य माया गर्नुहुन्छ। हामी पापहरूमा नष्टभएको बेला तपाई हामीलाई बचाउन आउनुभयो। हाम्रो कृतज्ञता तपाईलाई सदा सर्वदा टकाइरहन्छौं। हामी पनि अरूलाई प्रेम गररे तपाईलाई हाम्रो प्रेम देखाउन चाहन्छौं।''

# पानीको बप्तिस्मा

## नूह अनि अरु जो आज्ञाकारी विश्वासको नमुना बने

**प्रार्थना :**''बुवा, तपाईले जतिलाई आफूमा खिंच्नु हुन्छ अनि मण्डलीमा ल्याउनुहुन्छ, तिनीहरुलाई बप्तिस्मा द्वारा ग्रहण गर्नलाई हामीलाई मदत गर्नुहोस्। तपाईले आफ्नो वचनमा भन्नु भए झैं, पापमा मर्नेहरु बप्तिस्मा द्वारा नयाँ जीवन, पवित्रता, अनन्त जीवन पाउनलाई यस अध्ययनलाई प्रयोग गर्नुहोस्।''

**1. तपाइको हृदयलाई परमेश्वरको वचन अनि प्रार्थना सहित तयार पार्नु।**

मत्ती 3 अध्यायमा खोज्नु होस :

- कस्ता किसिमका मानिसहरुलाई बप्तिस्माको खाँचो पर्छ? पदहरु 1-6 (उत्तर : खराब मानिसहरु)।
- यूहन्ना बप्तिस्माले धर्मगुरुहरुलाई के भन्नु भयो, जसले आफूलाई बप्तिस्माको योग्य ठान्दथे? (उत्तर : पद 7)।
- येशूले किन बप्तिस्मा लिनु भयो, यदपी उहाँलाई खाँचो नभएता पनि (उत्तर : पदहरु 13-15, सबै थोक पूरा हुनलाई)



- पत्रुसले येशूको पुनरुत्थानलाई नूहको जहाज संग तुलना गर्दछ (1 पत्रुस 3:18-22)।
- जे भएता पनि, नता एउटा ठूलो नौकाले वा एउटा हवाई जहाजले हामीलाई स्वर्गमा लैजान सक्छ। नूह अनि तिनका परिवारहरुलाई पौरानिक जहाजमा बचाएको झैं परमेश्वरले हामीलाई स्वर्गको निम्ति नयाँ जीवनमा बौरी उठाउनु भएको छ किनभने हामी ख्रीष्टको पुनरुत्थानको शरीरमा छौ। रोमी 6:1-14 मा पत्तो लगाउनु होस् :
- परमेश्वले हामीलाई के कुरामा मर्नु भन्नु हुन्छ?
- हामी जसरी पापमा मरेका हुन्छौं बप्तिस्मामा कससित गांड़ीएका हुन्छौं?
- येशू सितै गांड़ीएको भएर हामी कसरी उहाँसित एक हुन्छौं?
- उहाँको पुनरुत्थानमा हामी उहाँसित एक हुनभन्दा अगाड़ि येशूसित के क्रूसमा टांगीएको छ?
- हाम्रा पुरानो मनुष्यत्व, हाम्रा पुरानो पापी स्वभाव, ख्रीष्टसित क्रूसमा टांगिएको छ भने हाम्रो जीवनको सर्वाङ्गनै कस्तो हतियार झैं, पद 6-14 अनुसार, अर्पण गर्छौं?

येशूको अन्तिम महान आज्ञा स्वर्ग रोहन हुन भन्दा अघि, मत्ती 18:18-28 मा खोज्नु होस्।

- चेलाहरु बनाउनलाई येशूले उहाँका शिष्यहरुलाई के गर्न भन्नुभयो।

  (उत्तरहरु : पिता, पुत्र र पवित्रआत्माको नाऊमा बप्तिसमा दिनु अनि सबै आज्ञाहरु मान्नलाई सिकाउनु)।

- हामीले कसको अधिकारमा नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिंदछौं (उत्तर : पद 18, येशूको अधिकारमा)।

  प्रेरित 2:37-47 मा खोज्नु होस् :

- पत्रुसले मानिसहरुलाई के गर्नलाई भन्नुभयो, जब तिनीहरुले उहांको उपदेश पाए। (उत्तर : पदहरु 37-38)
- पश्चताप गर्ने अनि बप्तिस्मा लिनेहरुको निम्ति पत्रुसले दुइ आशिषहरुको प्रतिज्ञा दिए (उत्तर : पद 38)
- येशूलाई ग्रहण गर्नेहरु अनि बप्तिस्मा पाएकाहरुलाई प्रेरितहरुले मण्डलीमा कति चांड़ो गरी ग्रहण गरे ? (उत्तर पदहरु 41-42)
- नयाँ बप्तिस्मा पाएका मानिसहरुले झट्टै के शुरू गरे। (उत्तर : पद 42) प्रेरित 16:13-40 मा पत्तो लाउनु होस् :
- दुइ व्यक्तिहरु जसले येशूमा विश्वास गरी बप्तिस्मा लिए अनि जसको परिवाहरु तिनीहरुसित सामेल भए। (उत्तर : पद 13-15 अनि 25-31)
- जसले येशूलाई मानी लिन्छन् त्यस्ता परिवारहरुमा हामी पुग्नलाई किन कोशिष गर्दछौं (उत्तर: पद 31, प्रेरित 18-8 मा पनि एउटा सम्पूर्ण परिवारले एकसाथ बप्तिस्मा लिएको उदाहरण पाउंदछौं)।

**2. हप्ताको क्रियाकलापहरु तपाईको सह-कर्मीहरुसित बनाउनु होस्।**

येशूलाई यसप्रकारले पालन नगरेको हुंदा तिनीहरुले आशिष पाउन भनि बप्तिस्माको निम्ति प्रबन्ध मिलाउनु होस्।

जब तपाईले मानिसहरुलाई सुसमाचार दिनु हुन्छ, तिनीहरु पूरानो विश्वास, जीवनको बाटो बाट फर्कनै पर्छ अनि ख्रीष्टमा नयाँ जन्म हुन पर्छ भनि बुझाउनु होस्। तिनीहरुको विश्वास र पश्चतापलाई ढिलो नगरी बप्तिस्माद्वारा पक्का गर्नुहोस्। तपाईले तिनीहरुसित एउटा नयाँ मण्डली शुरु गर्न सक्नु हुन्छ।

यदि जुन समुहमा बप्तिसमाको काम खतरा छ भने, तिनीहरुलाई फिलिपले एथोपियामा झै एकान्तमा बप्तिस्मा दिनुहोस् (प्रेरित 8:27-40) अनि पावलले फिलीप्पीको जेलर अनि तिनका परिवारलाई बप्तिस्मा दिएका थिए (प्रेरित 16:29-34)।

बप्तिसमाको समयमा कति मानिसहरुले तिनीहरुको नाम परिवर्तन गर्न चाहन्छन्।

हामीले येशूको आज्ञा पालन गर्नै पर्छ भनि बुझाउनु होस्, जसरी नूहले जहाज बनाउंदा परमेश्वरको आज्ञा पालन गरेका थिए (भाग-1 हेर्नुहोस्)। उत्पत्ती 6 अध्याय देखि नूहको कथालाई हेर्नुहोस्।

येशूको बौरी उठाई नूहको जहाजसित कसरी मिल्दछ, बुझाउनु होस्।

नानीहरुलाई नूहको कथालाई नाटकमा तयार पारेर प्रौढ़हरु माझ प्रस्तुत गर्न लगाउनु होस्। तिनीहरुले तयार पारेका प्रश्नहरु पनि प्रौढहरुलाई सोध्न लगाउनु होस्।

बप्तिस्मामा हामी मर्छौं अनि नयाँ जीवनमा येशूसित बौरी उठदछौं भनि रोमी 6:1-14 देखि बुझाउनु होस् (भाग-1 हेर्नुहोस्)।

यूहन्ना बप्तिस्मा बारे मत्ती 3 अध्याय देखि बुझाउनु होस् (भाग-1)

- कतिपय धार्मिक मानिसहरुलाई बप्तिस्मा दिन यूहन्नाले किन इन्कार गरे, तर दुष्ट मानिसहरुलाई बप्तिस्मा दिए।

- येशूले किन बप्तिस्मा लिनुभयो।

चेलाहरु बनाउनलाई येशूले भन्नुभयो बुझाउनु होस्, मत्ती 28:18-20 (भाग-1 हेर्नुहोस्।)

मुक्ति पाउनलाई मानिसले के गर्नु पर्छ भनी पावलले भनेंको बुझाउनु होस्, प्रेरित 2:37-41 (भाग-1 हेर्नुहोस्)।

प्रेरितहरुले कसरी सम्पूर्ण परिवारलाई बप्तिस्मा दिए बुझाउनु होस्, प्रेरित 16:31, अनि हामीहरु येशूलाई ग्रहण गर्नेहरुको परिवारहरुमा किन चौड़ै पुग्ने प्रयास गर्दछौं (भाग-1 हेर्नुहोस्)।

प्रभु भोज परिचय गर्नलाई उत्पत्ति 8:14-22 पढ़नुहोस् अनि नूहको नयाँ संसार एउटा निर्दोष शिकारको रगतको बलिदान सित शुरू भएको थियो, बुझाउनु होस्। क्रूसमा येशूको बलिदानले यो खाँचोलाई सदाको निम्ति पूरा गर्नु भयो।

प्रेरित 2:38 कण्डस्थ गर्नुहोस्। अरामको सेनापती नामानको कथा 2 राजा 5 अध्याय देखि पढ़नुहोस् वा अभिनय गर्नुहोस्।


- तिनले परमेश्वरको आज्ञालाई कसरी पालन गर्न सिके भन्नुहोस्।
- हाम्रा पापहरुको निम्ति बप्तिस्माको पानी नामानको कोर धुने यर्दनको पानी भन्दा मूल्यका छन्। हुन सक्दैन भनि बुझाउनु होस्। यो परमेश्वरले मात्र गर्नुहुन्छ।

# परमेश्वरले विश्वासी नूहलाई दण्डबाट बचाउनु भयो

### बप्तिस्माको शिक्षामा सम्मिलित गराउनलाई

नानीहरुको खाँचोहरु अनि उमेरलाई मिल्ने शिक्षण क्रियाकलापहरु चुन्नुहोस्।

शिक्षक, तपाईले आफैलाई प्रार्थना अनि बाइबल पढ़ेर तयार गर्नुहोस्। उत्पत्ती 6,7 अनि 8 अध्याय पढ़नोस्, जल प्रलयको समयमा तपाईले विचार गर्नु भएको विशेष थोकहरुलाई ध्यानमा राख्नुहोस्।



**खोज्नु होस्...**

- u\wgdLrks fdfFledksekfulfFk,]6%5&9ekA
- परमेश्वरले रचनु भएको मानिसहरुलाई जल प्रलयद्वारा किन नाश गर्नुभयो, 6:5–7 मा।
- नूहले एउटा ठूलो जहाज बनाउनलाई परमेश्वरको आज्ञालाई कसरी उत्तर दिए, 6:13–22 मा।
- नूहको परिवार बाहेक परमेश्वरले जहाज भित्र के के ल्याउनु भयो, 7:8–9 मा।
- जल प्रलय पछि नूहले यस्तो के गरे जसमा परमेश्वर खुशी हुनभयो, 8:14–22 मा।

नूह अनि जल प्रलयको कथा भन्नुहोस्। यसको निम्ति तपाईले एक ठूलो नानीलाई तयार पार्न सक्नु हुन्छ।

नूहले जहाज भित्र जीव–जन्तुहरुको बगाललाई ल्याएको विवरणमा नाटक गर्नुहोस्। प्रौढ़हरुको निम्ति यो नाटक प्रस्तुत गर्नलाई आरधनाका नेताहरुले प्रबन्ध मिलाउन। ठूला नानीहरुले सानाहरुलाई तयार गर्नमा मदत गरुन्।

- नूहले जहाज भित्र हालेको केही पशुहरुको नाउँ नानीहरुले बताउन। (गाइहरु, भेड़ाहरु, बांदरहरु, बाघहरु, कुकुरहरु, विरालोहरु, गधाहरु, काङ्गारुहरु, खरायो इत्यादि।
- नानीहरुले कुन कुन पशुको प्रतिनिधित्व गर्छन् त्यसको तिनीहरुलाई जोड़ाहरु बनाउनु होस्।
- तिनीहरुको चाल अनि आवाज बाट अरु नानीहरुले कुन पशु हो भनी अन्दाज लगाउन दिनुहोस् : गधाहरु–घ्वांकी–घ्वांकी। सिंहहरु–गर्जनु, बाघ–ङयार–ङयार, भेड़ा–भ्याँ–भ्याँ गर्नु। गोरुहरु–बां–बां गर्नु (शिरमा सिंगहरु बनाउनु होस), इत्यादि।
- नूहले पशुहरुलाई जहाज भित्र हाल्दछ, ठूला नानीहरुले खेलुन। तिनीहरु दुइ दुइ गरेर आउंछन्। नूहले भनुन्, ''चाँड़ो! जहाज भित्र पसिहाल, किनमने जल प्रलय आउँदैछ!''
- जसै प्रत्येक जोड़ा पशुहरु जहाज भित्र पस्दै गर्दा, तिनीहरु हातले, घुंड़ाले वा उफ्रन्दै जाउन (यदि तिनीहरु खरायो वा कङ्गारुहरु हुन भनें जान दिनोस्) तिनीहरुले प्रतिनिधित्व गरेको पशुहरुको स्वरमा कराउन। हात्ती चांहि हिड़ने

मात्र (हात र खुट्टाको भरमा घोप्टेर हिड्ने, एउटा हातले सुंड़ र अर्को हातले पुच्छर बनाउने।


नाटकमा खेल्ने पशुहरुको चित्र नानीहरुलाई बनाउन लगाउनु होस्। ठूला नानीहरुले साना नानीहरुलाई सहयोग गरुन। (तल दिएका नमुना चित्रहरु हेर्नुहोस्।)

भाग–1 मा भएका प्रश्नहरु नानीहरुलाई गर्नु होस्, कथाको वारेमा।

- नूह अनि पशुहरुको कथा प्रौढ़हरुलाई प्रस्तुत गर्नुहुन्छ भने, प्रौढ़हरुले ती कुन पशुहरु हुन् अनुमान लगाउन। साथै नानीहरुले प्रौढ़हरुलाई केहि प्रश्नहरु गरुन। पानी माथी एउटा जहाजको चित्र नानीहरुलाई बनाउन दिनोस्।
- परमेश्वले हामी विश्वासीहरुलाई कसरी हाम्रा पाप बाट येशू ख्रीष्ट द्वारा बचाउनु हुन्छ भनी यो जहाजले के बुझाउदछ, नानीहरुलाई सोध्नु होस्। कुन प्रकारले येशू यो जहाज जस्तो हुनुहुन्छ?

नूह अनि जहाजको बारेमा छोटो कविता वा गीत लेख्न लगाउनु होस्। तिनीहरुले जे लेखेका छन् आरधनाको समय प्रौढ़हरुलाई अनि घरमा आमा बुवालाई सुनाउन वा गाऊन लगाउनु होस्।

नानीहरुले बनाउन सक्ने पशुहरुको चित्र उदाहरणको लागी तल देखाएका छन्। तिनीहरुले यी चित्रहरु बनाउन सकनेछन् वा अरु कुनै तिनीहरुको इच्छामा भन्नुहोस्।



**कविता :**चार जना नानीहरु प्रत्येकले एक एक पद भजन संग्रह 32:1,3,5 अनि 7 बाट सुनाउन :

''त्यो घन्यको हो, जसको अपराध क्षमा भएको छ, र जसको पाप ढाकिएको छ।

''जब म चूप लागें, तब मेरा हड्डीहरु दिनभरिको मेरो कङ्कलाशब्दले गर्दा मक्किए।

''तब मैले आफनो पाप तपाईमा प्रकट गरें, र मेरो अधर्म मैले लुकाएको छैन्। मैले भनें म आफना अपराध परमप्रभुको सामने स्वीकार गर्नेछु। र तपाईले मेरो पापको अधर्म क्षमा गर्नुभयो।

''तपाईता मेरो लुकने ठाउँ हुनुहुन्छ। तपाईले मलाई दु:खबाट रक्षा गर्नुहुनेछ। तपाईले मलाई चारैतिरबाट छुटकाराको गीतले घेर्नुहुनेछ।''

प्रेरित 2:38 कण्डस्थ पार्नुहोस्।

ठूला नानीहरुलाई एउटा छोटो कथा लेख्न लगाउनु होस्।

- एउटा नानीको विषयमा जस्को दुष्ट मित्रले तिनलाई पसलबाट चोर्नलाई त्यससित जान सुरुयाउंछ। तिनीले इन्कार गर्दछ। साथीहरु तिनीसित चिड़िन्छन् अनि खराब नाम दिंदछ।
- मित्रहरु चोर्नलाई जांदछन् अनि प्रहरीहरुले पक्रन्दछ अनि झ्याल खानामा बन्द गरिदिन्छन्।
- पहिलो नानीले तिनीहरुलाई भेटन जांदछ अनि केहि खानेकुरो लगिदिंदछ।

नानीहरुले कथालाई तिनीहरुले चाहे अनुसारको विवरणहरु दिएर जोड़न लाउनु होस्। कथा एउटा नमुना वा उदाहरणको हुन सकोस्, कि पापको दण्ड कस्तो हुंदछ तर येशूले हामीलाई परमेश्वरको दण्ड बाट बचाउनु हुन्छ।

**प्रार्थना :**हामी तपाईलाई महिमा दिंदछौ, बुवा, किनभने येशू द्वारा परमेश्वरको धार्मिक दण्ड बाट तपाईले हामीलाई सुरक्षा प्रदान गर्नु भएको छ, जसरी तपाईले नूह, तिनको स्वास्नी अनि नानीहरुलाई गर्नु भयो, येशूको नाममा, आमेन।''

# परमेश्वरको पवित्र आत्माको शक्ति द्वारा येशूको निम्ति गवाही

जसले नानीहरुलाई सिकाउंछन् अध्ययन पी. 5 बी. पढ्नु पर्छ।


**प्रार्थना :**प्रिय प्रभु, मेरो बगालमा भएका विश्वासी हरुले तिनीहरुको मित्र अनि नातेदारहरुलाई गवाही दिनलाई तपाईले दिनु भएको शक्तिलाई प्रयोग गर्नमा सहायता गर्नुहोस्, जसरी पत्रुस अनि अरु प्रेरितहरुले गरे।''

1. **तपाईको हृदयलाई परमेश्वरको वचन अनि प्रार्थना सित तयार पार्नुहोस्।**

मुक्तिको सुसमाचारलाई मानिसहरुमा विश्वास दिलाऊन पत्रुस अनि यूहन्नाले गरेका धेरै कुराहरु प्रेरित 3:1-22 मा पढ्नुहोस् (उत्तरहरु प्रश्नरुको पछि पाउनु हुन्छ)।

- लंगड़ा मानिसलाई पत्रुसले के दिए, जो सुन भन्दा पनि बहुमुल्यको थियो? (पद 6)
- त्यो कुन शक्तिको मुहान थियो जसबारे लंगड़ाले विश्वास गर्दा निको भए? (पढ़हरु 12-13 अनि 16)
- पत्रुस र यूहन्नाले कुन अत्ति मुख्य सत्यको गवाही दिएका थिए? (पद 14-15)
- मानिसहरुले तिनीहरुको पापहरु धुनलाई के गर्नु पर्ने थियो? (पद 19)

शक्तिसित गवाही दिनलाई सातवटा मदतहरु




1. **आंखाहरु।** परमेश्वरले हामीलाई के हेरेको चाहनु हुन्छ। यहून्ना 4:35-39 मा पत्तो लाउनु होस्।
2. **ओंठहरु।** येशूको बारेमा हामीले के भन्नु, लूका 24:46-48 मा पत्तो लाउनुहोस्।
3. **हातहरु** (बाइबल)। परमेश्वरको बचनलाई हामीले के गर्नुछ, 2 तिमोयी 2:2 मा पत्ता लाउनु होस्। चेलाहरुलाई के गर्नु भनि सिकाउनु छ, मत्ती 28:18-20 मा पत्ता लाउनुहोस्।
4. **हृदय।** केले हाम्रा कामहरु सक्रिय बनाउंदछ, 1 कोरिन्थी 13:173 मा पत्तो लाउनुहोस्। परमेश्वरको काम गर्नलाई हामीलाई के चांहिन्छ, हिब्रू 11:6 मा पत्तो लगाउनु होस्।

   हामीले संधै के गर्नु पर्छ, 1 थिस्सोलेनी 5:17 मा पत्तो लांउनुहोस्। हामीले कसबाट अनि किन शक्ति पाउन पर्छ, प्रेरित 1:8 मा पत्तो लाउनुहोस्।
5. **हात** (सांचाहरु)। येशूले पत्रुसलाई के प्रतिज्ञा गर्नु भयो, मत्ती 16:13-16 मा पत्ता लाउनुहोस्।

   यो प्रतिज्ञा अरु कसले पाए, मत्ती 18:18 मा पत्ता लाउनु होस्। परमेश्वरले हामी द्वारा के गर्नु हुन्छ, यूहन्ना 20:22-23 मा पत्तो लाउनुहोस्।

6. **खुट्टाहरु** (जुत्ता)। कस्तो किसिमको जुत्ता परमेश्वरले प्रबन्ध गर्नु हुन्छ, एफिसी 6:15 मा पत्ता लाउनु होस्।

   खुट्टाहरुलाई कविताको रूपमा किन ''सुन्दर'' भन्दछन्, यशैमा 52:7 मा पत्तो लाउनुहोस्।

7. **सहयोगी।** पत्रुसका कत्ति सहयोगीहरु थिए, प्रेरित 11:12 मा पत्तो लाउनुहोस्। पावलका कतिजना सहयोगीहरु थिए प्रेरित 13:2-5 मा पत्तो गर्नुहोस्।

   कत्ति जना एकसाथ यात्रा गर्दथे, लूका 10:1 मा पत्तो गर्नुहोस्।

**उत्तरहरु**

1. **आंखाहरु।** कटनीको निम्ति तयार भएका जमिनहरु दृष्टि गर्नु, अर्थात, ती मानिसहरु जसले पश्चताप अनि विश्वास गर्नेछ।

2. **ओंठहरु।** येशूको मृत्यु अनि जीवन दिने पुनरुत्थान, अनि पश्चताप गर्ने सबैलाई क्षमाको घोषणा गर्नु।

3. **हातहरु** (बाइबल)। हामीले जे सुनेका छौं अरुलाई सुनाउनु, अनि येशूको आज्ञापालन गर्न विश्वासीहरुलाई सिकाउनु।

4. **हृदय।** सतैकुरा प्रेममा, विश्वास अनि प्रार्थनामा, पवित्र आत्माको शक्तिमा गर्नु।

5. **हातहरु** (सांचाहरु)। येशूले पत्रुसलाई उहांको राज्यको सांचाहरुको प्रतिज्ञा गर्नुभयो, पापहरु क्षमा गर्ने शक्तिको प्रतिज्ञा। येशूले उहांका अरु चेलाहरुलाई पनि यही शक्तिको प्रतिज्ञा दिनु भयो। येशूले यो शक्ति पापहरु क्षमा गर्नलाई पवित्र आत्माले भरपूर भएका विश्वासीहरुलाई प्रतिज्ञा दिनु भयो।

येशू स्वयंमले एक पक्षवातीको पापहरु क्षमा गर्नलाई यी 'सांचाहरु' प्रयोग गर्नु भयो, जब उहांले देख्नु भयो कि मित्रहरुले तिनलाई छाना उघारेर तल झारे जसलाई येशूले चंगाई गर्नु हुन्छ भनि विश्वास थियो (मर्कूस 2:1-12)। तिनीहरुको विश्वासलाई देखेर येशूले तिनको पापहरु क्षमा गर्नुभयो।

6. **खुट्टाहरु।** हाम्रा खुदृाहरु सुसमाचारको तयारी को जुत्ता हुनै पर्छ, जसको अर्थ मानिसहरुमा हामीले भनन्द अनि शान्तीको आनन्दमय संदेश पुर्‍याउँछौं।

7. **सहयोगीहरु।** पत्रुस सित सात सहयोगीहरु थिए जब तिनी अन्यजातीहरुलाई येशूको बारेमा भन्नलाई गएका थिए।

(ख) पावल अनि वर्णवास यूहन्ना (मर्कूस) तिनीहरुको सहयोगी को साथमा साइप्रस देखि अन्य राज्यहरुमा पाठाइएका थिए।

(ड़) ख्रीष्टले सत्तरी जनालाई जोड़ा गरेर पठाउनु भयो। येशू अनि उहांका प्रेरितहरुले स-साना झण्डमा साधरणत : कामहरु गरे, एकलै होइन।



## पवित्र आत्माको भरपूरी

जहां धर्म शास्त्रमा उहांको शक्ति पाउन वा पवित्र आत्माको भरपूरी पाउन बताइएको छ, त्यसको उदेश्य परमेश्वरको निम्ति व्यवहारीक काम गर्न विश्वासीहरुलाई योग्य पार्नु हो। उदाहरणको लागी, पवित्र आत्मा सिमसोन माथी आउनु भयो अनि तिनले सिंहलाई मारे, जो इस्राएलीहरुले शत्रुहरु देखि छुटकारा पाउनलाई घटनाहरुको शुरुवात थियो। पवित्र आत्माको भरपूरी केवल मानिसहरुमा अनौठो आवेशमा आउने अनुभव होइन। धर्मशास्त्रको समयमा सेवकहरु उफ्रन्थे अनि कराउंथे, परमेश्वरले त्यस्ताहरुलाई भन्नको निम्ति एलियालाई चलाउनु भयो (1 राजा 18:25-40)

**2. साता भरी गरीने क्रियाकलापहरुको योजना सह-कर्मीहरु सित बनाउनु।**

- येशूले भन्नु भए अनुसार गवाहीको शक्तिको निम्ति प्रार्थना गर्नु। अहिले सम्म उहांलाई नचिन्ने मानिसहरु कहां जानु।
- ख्रीष्ट बिना हराएका मानिसहरुको निम्ति प्रार्थना गर्नु।
- विश्वासीहरुलाई तिनीहरुका मित्र अनि नातेदार को हुन भनि सोध्नु हवस जसलाई तिनीहरुले येशूको बारे बताउन सक्छन्। यदि तिनीहरुले यसो गर्नलाई मदत दिंदछ भनें, तिनीहरुलाई सहयोग गर्न शुरू गर्नु होस्। आउने दिनहरुको आरधनाको योजना सह-कर्मीहरु सित गर्नुहोस्। पत्रुस अनि यहून्नाले त्यस मानिसलाई चंगाई गरे अनि येशूको बारेमा धेरै बताए, बताउनु होस्। माथिका प्रश्नहरु सोध्नु होस्।

**3. शक्ति सित गवाही दिनलाई सात वटा माथिका मदतहरु बुझाउनु होस्**

यो शक्तिको उदेश्यलाई बुझाउनु होस।

नानीहरुले तयार पारेका जे छन् प्रस्तुत गर्न दिनु होस्।

प्रभु भोज परिचय गर्दा यूहन्ना 21:9-14 पढ़नु होस् अनि येशूले हामीलाई उहां सित अनि एका-दुस्रा सित खानलाई आदेश गर्नुहुन्छ।

विश्वासीहरुले शक्तिको साथमा येशूको गवाही कसरी हालमा दिन सके त्यस बारे अनुमोदन दिन लगाउनु होस्।

दुइ वा तीनको झूण्डमा रहेर एका-दुस्राको निम्ति प्रार्थनागर्नुहोस्, योजना वनाउनु होस् अनि एक-दुस्रालाई उत्साह दिनु होस्।

प्रेरित 4:33 कण्डस्थ पार्नु होस्।

# जुन जाति परमेश्वरसित नूह झै हिंड़दछ उहांले बचाउनु हुन्छ

## जसले बालकहरुलाई सिकाउछन् अध्ययन एस. 1 बी. पढ़नु पर्छ।

**प्रार्थना :**''हे, हाम्रा उद्धारक परमेश्वर, हामीले सुसमाचार बाँटेका मानिसहरुलाई बचाउनु होस्। हामीलाई दुष्टहरु देखि बचाई राख्नु होस् जब कि हामी येशूको आगमनलाई पर्खि रहेका छौं। अनि हामीलाई मृत्यु देखि बचाउनु होस्।''

1. **तपाईको बगाललाई उद्धारको आनन्द गर्नलाई अनि पापीहरुलाई मुक्तिदाता कहां डोरयाउनलाई तयार पार्नुहोस्।**


**पृष्टभूमि :**नूहको कथा उत्पत्ती 6:5 देखि 9:19 पढ़नुहोस्।

परमेश्वरले सृजनु भएको मानिसहरुलाई किन नाश गर्नुभयो, उत्पत्ती 6:5-13 मा पत्तो लगाउनुहोस्।

परमेश्वरले नूह अनि तिनका परिवारलाई किन बोकी राख्नुभयो, उत्पत्ती 6:8-9 मा खोज्नु होस्।

त्यो ठूलो प्रलय देखि नूह अनि तिनका परिवारहरुलाई कसरी बचाउनु भयो, उत्पत्ती 6:13-22 मा खोज्नु होस्।

[उत्तरहरु : नूह अनि तिनका परिवारले एउटा जहाज बनाए अनि त्यस भित्र पसे अनि यसरी तिनीहरु डुबेनन्। हिब्रू शब्द ''आर्क'' को अर्थ विशाल बक्सा। नूहको जहाज एउटा विशाल बक्सा थियो जो एउटा नाव झैं बगने गर्थे]।



लूका 24:46-48 मा तीन विषयहरु पत्ता गर्नुहोस् किन कि बौरी उठनु भएको येशूले हामीलाई सारा जगतमा सुनाउन सुसमाचार आज्ञा गर्नुभएको छ।

[उत्तरहरु : येशूको मृत्यु, पुनरुत्थानमा विश्वास गर्ने अनि पश्चताप गर्नेलाई परमेश्वरको क्षमाशीलता]।

येशूले हामीलाई बचाउनलाई दुइ महान कार्यहरु गर्नुभएको छ लूका 24:46 मा पत्ता लाउनुहोस्।

[उत्तर : 1) उहांले बहाउनु भएको रगत द्वारा परमेश्वरले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ, 1 यहून्ना 1:7 9) उहांको पुनरुत्थानले हामीलाई उहांले नयाँ, पवित्र अनन्त जीवन दिनु हुन्छ, रोमी 6:3-14]

पत्तो लगाउनु होस्...(1) हामी कससित स्वर्गतर्फ उचालिएका छौं ? एफिसी 2:6 मा। (2) हामीलाई येशूको अनन्त शरीरमा कसले राख्नु हुन्छ 1 कोरिन्थी 12:1-13 मा। (3) कसबाट हाम्रो पुनरुत्थान हुन्छ, 1 कोरिन्थी 15:21-23 मा। (4) के को निम्ति हामी नयाँ, पवित्र जीवनमा मरेका बाट बौरी उठदछौं, रोमी 6:3-14 मा। (5) येशूको बौरी उठाइको शरीरलाई जहाजले कसरी पूर्णसंकेत दिंदछ, 1 पत्रुस 3:18-22 मा।

[उत्तरहरु : (1) ख्रीष्ट। (2) पवित्र आत्मा। (3) येशू। (4) पाप। (5) नूहको विशाल जहाजले येशूको जीवित शरीरलाई दर्शाउंदछ किनभने, येशूको शरीर झैं, जो जत्ति मृत्यु देखि बांचेर, परमेश्वरसित हिड़दछन् एउटा बाहनलेझै सेवा गदेछ। हामी ख्रीष्टमा विउंतीएका छौं, उहांको अनन्त शरीरमा, नयाँ, पवित्र अनन्त जीवनमा। येशू हाम्रो जहाज (आर्क) हुनु हुन्छ]।

बप्तिस्माको दुइ वटा दृष्टि जो पत्रुसले निर्मल पारी दिए। [उत्तर : (1) पानीले शरीरको सफाई, (2) शुद्ध बिवेक]।

यी दुइ दृष्टिमध्ये कुन चांहिले मुक्ति तर्फ डोरयाउँदछ, भौतिक पानी वा परमेश्वरबाट अत्मिकी सफाइ ?

[उत्तर : पत्रुसले सफा सित बताउनु भयो कि हामी भौतिक पानीले शरीरको मैला उतारेर हामी बांच्दैनौं, तर येशू ख्रीष्टको पुनरुत्थानद्वारा परमेश्वर तर्फ हाम्रो सफा विवेको सवालले बांच्ने छौं। एउटा 'सफा विवेक' लाई विश्वास अनि पश्चतापको खांचो पर्छ, यूहन्ना 3:16, प्रेरित 2:38]। सदोम अनि गमोरा को शहर स्वर्गे दूतले नष्ट गर्दा परमेश्वरले लूत अनि तिनका छोरीलाई कसरी बचाउनु भयो। उत्तर : स्वर्गे दूतहरुले तिनीहरुलाई शहर देखि बाहिर सुरक्षित ठाउँमा पठाए, उत्पत्ती 17:16-22 मा पत्ता लाउनु होस्।

शारीरीक मृत्युबाट मुक्तिको दुइ उपमाहरु पत्रुसले बुझाउनलाई हामी विश्वासीहरुलाई आत्मिक मृत्यु अनि अनन्त न्याय देखि परमेश्वरले कसरी बचाउनु हुन्छ भनि व्याखा गर्नलाई उल्लेख गरे।

[उत्तरहरु : (1) परमेश्वरले नूह र तिनका परिवारलाई ठूलो प्रलय देखि बचाए। (2) परमेश्वरले लूत अनि उसको परिवारलाई विशाल आगो बाट बचाउनु भयो।]

परमेश्वरले इस्राएलीहरुलाई कसरी बचाउनु भयो प्रस्थान 14:21-31 को पत्तो लगाउनु होस्।

[उत्तरहरु : उहांले समुन्द्रलाई दुइ भाग गर्नुभयो जसै तिनीहरु उम्कन सकून, अनि पछि मिश्री सेनाहरु जसले खेदो गर्दै थिए त्यही समुन्द्रमा डुबे]।

येशू माथि भरोसा राख्ने मानिसहरुलाई कुन विषयहरुबाट उहांले बचाउनु भयो। (1) लूका 7:36-50, पापी जनहरु, (2) मत्ती 4:23-25, रोग, (3) मर्कूस 6:34-42, भुखा मानिहरु, (4) मकूस 5:1-15, भूत आत्मा लागेका, (5) लूका 7:11-16, मरेकाहरु, (6) लूका 17:12-19, अशुद्धहरु।

[उत्तरहरु : उहांले तिनीहरुको पापहरु क्षमा गर्नुको, (2) चंगाइ पार्नु भयो, (3) येशूले थोरै भोजनलाई बृद्धि गराउनु भयो अनि धेरैलाई खुवाए, (4) उहांले प्रेतआत्मा बाट छुटकारा दिनु भयो, (5) मरेकाहरुलाई जीवन दिनु भयो, (6) उहांले कोरीहरुलाई शुद्ध पार्नु भयो जस्ले उहांलाई विश्वास गरे।

यी पाठहरु बाट विषयहरु पत्तो लगाउनु होस् कि येशूमा विश्वास राख्ने सबैलाई त्यसै गर्नुहुन्छ : (1) यहून्ना 6:36-47, (2) मत्ती 25:31-40, (3) 1 थिस्सेलोनी 1:7-10, (4) कलस्सी 2:15।

[उत्तरहरु : (1) मरेका विश्वासीहरु तिनीहरुका चिहान देखि अनन्त जीवनमा बौरीने छ, (2) उहां आउनु हुंदा सबै विश्वासीहरुले इनाम पाउनेछ, (3) परमेश्वरको आउने वाला दण्ड देखि बचाउनु हुनेछ, (4) दुष्ट शक्ति]।

परमेश्वरले हामीलाई बचाई राखुन भनेर हामीले के गर्नु पर्छ : पत्ता लाउनु होस् : (1) एफिसी 2:4-10, (2) प्रेरित 2:37-38, (3) 1 थिस्सेलोनी 1:8-10, (4) हिब्रू 5:7-9।

[उत्तरहरु : (1) विश्वास, (2) पश्चताप, (3) येशूको वाटो हेरी रहनु, (4) येशूको आज्ञा मान्नु।

**2. आउने साताको क्रियाकलापहरुको योजना तपाईको सह-कर्मीहरुसित मिलेर बनाउनु होस्।**

तपाईको मण्डलीमा आएका व्यक्तिहरुको घरमा भ्रमण गर्नु होस् अनि तिनीहरु बांच्नको निम्ति निमंत्रना दिनु होस्।

रोगीहरुलाई, निरुत्साहित भएकालाई, अनि दबावमा परेकालाई भेटन जानु होस् अनि परमेश्वरले तिनीहरुको कष्टहरुबाट बचाइ दिऊन भनि प्रार्थना गर्नोस।

**3. अर्को आरधनाको योजनाहरु तपाईको सह-कर्तीहरुसित बनाउनु होस्।**

नूहको कथालाई अभिनय गर्नु होस् वा सुनाउनु होस्।

परमेश्वरले मानिसहरुलाई धेरै बुरो थोकहरु देखि कसरी बचाउनु हुन्छ, बुझाउनु होस् (भाग-1 माथि हेर्नुहोस्)।

**पावल-तिमोथी गोठालाको अध्ययन-प्रचार, एस. 1 ए.**

आज मानिसहरु अनन्तलाई कसरी बांच्न सकछ, बुझाउनु होस्।

नानीहरुले अभ्यास गरेका नाटक प्रस्तुत गर्न लाउनु होस्। तिनीहरुले तयार पारेका प्रश्नहरु प्रौढ़हरुलाई सोधुन। विश्वासीहरुको स-साना झूण्डहरु बनाएर तिनीहरुका नातेदार अनि मित्रहरुको मुक्तिको निम्ति प्रार्थना गर्न लगाउनु होस्। प्रार्थना गर्नु होस् कि तपाईको देशमा भएका अन्य देवता पुज्ने त्यागीएका झुण्डहरुलाई प्रभुले बचाउन।

1 पत्रुस 3:21-23 एकसाथ कण्डस्थ पार्नुहोस्।

प्रभु भोज परिचय गर्दा इस्राएलीहरुले ढोकामा रगतेको छाप लगाएका थिए र स्वर्गेदूतको प्रहार देखि बांचे, मिश्रीका जेठाहरु सवैलाई नष्ट पारेका घटनालाई छोटकरीमा सझना गराउनुहोस् (प्रस्थान 12:1-14)। हामी कसरी बांचेका छौं, प्रभु येशू ख्रीष्टको रगतमा विश्वास गरेको कारण जसमा हामी प्रभु भोज द्वारा सम्भागी हुंदछौं।

# पक्षवाती मानिसले येशूलाई भेटनु थियो

## येशूले बालकहरूलाई बचाउनु हुन्छ भनी सिकाउनु होस्।

नानीहरुले सिकने कुनै पनि क्रिया-कलाप चुन्नुहोस्।

ठूलो नानी वा शिक्षकले पक्षवाती मानिस, जसले येशूलाई भेट्दछ, त्यसको कथा मर्कूस 2:1-12 बाट पढ्नु होस्। हाम्रा मित्रहरुलाई येशू सित भेट गराउन हामीले कसरी मदत पुरयाउन सकछौं र तिनीहरुलाई बचाउन सक्छौ, यसले बताउदंछ।

कथा सुनाए पछि यी प्रश्नहरु गर्नुहोस् :

- जब मानिसहरुले येशू आउनु भएको छ भनि सुने, येशूले के गर्नुभयो (पद 2 हेर्नुहोस्।)
- बिरामी मानिसका मित्रहरुले उसलाई येशूकहां कसरी पुर्‍याए? (4)
- ती मानिसका मित्रहरु बारे येशूले के विचार गर्नुभयो? (5)
- येशूले त्यस विरामी मानिसलाई पहिले के भन्नु भयो? (5)
- शास्त्रीहरुले येशूको बचनहरुमा के विचार गरिरहेका थिए? (7)
- मानिसहरुको पापहरु क्षमा गर्ने शक्ति उहांमा छन् भनि येशूले कसरी देखाउनु भयो? (10-12)

मर्कूस 2:1-12 देखि पक्षवाती मानिसलाई येशूले निको पार्नु भएको विवरणलाई नाटकमा दर्शाउनु होस्। नाटक तयार पार्नलाई नानीहरुसित तपाइले समय विताउनु होस्। तपाईले सम्पूर्ण भागहरु गर्नुपर्ने छैन्।

- ठूला नानीहरु वा प्रौढ़हरुलाई यी भागहरु खेल्न दिनुहोस् :

**कथक :** कथा सुनाउनु होस् अनि अभिनय गर्नेहरुले के भन्न पर्ने संझना गराउनु होस्।

**येशू :**

**साना नानीहरुले यी पाठहरु गरुन :**

**पक्षपाती मानिस**

**चार मित्रहरु**

**मानिसहरु**

**शास्त्रीहरु**

### नाटक भाग-1, मर्कूस 2:1-4

**कथक :** कथाको पहिलो भाग सुनाउनु होस् (पदहरु 1-4)। भन्नोस, ''सुन्नुहोस् विमारी मानिसको मित्रहरुले के भन्दछ।''

**मित्र-1 :** ''येशू त्यस घरमा हुनुहुन्छ। हामी हाम्रा पक्षवाती मित्रलाई येशू कहां लैजाऊं। येशूले तिनलाई निकोपार्न सक्नु हुन्छ।'' (चार मित्रले विमारी मानिसलाई बोकेर लगेको वहना गर्ने)।

**मित्र-2 :** ''तर त्यहां घर भित्र त घेरै मानिसहरु पो छन् त!'' ''हामी घर भित्र कसरी पसौं?''

**मित्र-3 :**हाम्रो मित्रलाई घर भित्र बोकेर कसरी लानु?''

**मित्र-4 :**हामी माथि छप्परमा चढौं अनि छाना खोलौं। अनि उसलाई डोरोको सहायताले तल झारौं।''

**मित्रहरु :**(चारै जना) एउटा कुर्सी वा टेबल माथि चढ़ेर घरको छाना खोले जस्तो वहना गर्ने।

**नाटक भाग-2, मर्कूस 2:5-7**

**कथक :**कथाको दोस्रो भाग सुनाउनु होस् (पदहरु 5-7)। भन्नुहोस्, ''सन्नुहोस् मानिसहरुले के भन्दछ।''

**मानिसहरु :**''हेर्नु होस्! ती मानिसहरुले घरको छाना उघार्दै छन्!''

''मत माथि धुलोहरु झर्दैछ!''

''हेर, तिनीहरुले खाटमा कसैलाई तल झार्दैछ!''

''त्यो त मेरो शिरमाथि पो झर्दैछ।''

''हट-हट! ठाउं देउ!''

**पक्षवाती मानिस :**चार मित्रहरुले तिनलाई तल राख्दछ, लम्पसार अवस्थामा।

**येशू :**माथि हेर्दै भन्छ, ''मित्रहरु, मैले तिमीहरुको बिश्वासलाई देखें!'' (तल हेर्दछ, मानिसलाई छुंदछ)। भन्दछ, ''छोरा, तिम्रा पाप क्षमा भए।''

**शास्त्रीहरु :**रिसाएर बोल्दछन्। भन्नोस्, यो मानिसले पापहरु कसरी क्षमा गर्न सक्दछ? उसले आफैलाई के संझन्छ?''

**नाटक भाग-3, मर्कूस 2:8-12**

**कथक :**कथाको तेस्रो भाग सुनाउनुहोस् (पदहरु 8-12)। भन्नोस, ''सुन्नुहोस् येशूले के भन्दछ।''

**येशू :**भिड़हरुलाई भन्दछ, ''म तिमीहरुलाई देखाउनेछु कि म पापहरु क्षमा गर्नसक्छु।'' पक्षवातीलाई मन्नौस्: ''उठ अनि हिंड़!''

**पक्षवाती मानिस :**उफ्रन्छ। भन्दछ, ''परमेश्वरको महिमा होस्, म हिंडन सक्छु।'' (यता उती हिड़छ) ''हेर्नुहोस् म अब पक्षवाती छुइन। अनि मेरा पापहरु क्षमा भए।''

**मानिसहरु :**''हामी ईश्वरको महिमा गर्छौं!'' यस किसिमको हामीले कहिल्यै देखेका छैनौं।''

**कथक :**नाटक सिद्धियो भन्नु होस्। नाटकमा मदत गर्ने सबैलाई धन्यवाद टक्रयाउनु होस्। प्रौढ़हरुलाई सुनीदिनु भएको निम्ति धन्यवाद दिनुहोस्।

यदि सांस्कृतिक तौरले ग्रहण हुन्छ भनें, नानीहरुले प्रौढ़हरुलाई प्रश्न गरुन : ''येशूले हामीहरुलाई दुष्टको शक्ति बाट बचाउन अरु कुन तरिकाहरु छन्? (मानिसहरुले उदाहरणहरु देऊन)।

नानीहरुको निम्ति मण्डलीका अगुवाहरुले प्रबन्ध गरीदिऊन...


- नाटकलाई प्रौढ़हरुको निम्ति आरधनाको समयमा प्रस्तुत गर्नलाई।
- यो अध्ययनको प्रारम्भमा सुचीत गरिएको प्रश्नहरु प्रौढ़हरुलाई सोध्नु।
- तिनीहरुले तयार पारेका कविता अनि कुनै पनि कुरा प्रस्तुत गर्नलाई।

**कविता :**तीन जना नानीहरुले एक एक पद गरी भजन संग्रह 25:1,2 र 7 कण्डस्थ सुनाऊन।

हे परमप्रभु म मेरो मन तपाई तिर उचाल्छु

हे मेरा परमेश्वर, मैले तपाईकै भरोसा गरेको छु,मैले शर्माउन नपरोस्। मेरा शत्रुहरु म माथि विजय हुन नपाऊन्।

मेरा जवानी अवस्थाका पापहरु र मेरा अपराधहरु नसम्झनुहोस्। हे परमप्रभु, तपाईको भलाईको खातिर, आफ्नो करुणा अनुसार मलाई सम्झनुहोस्।



**एउटा खाटको चित्र कोर्णु होस्।**

- ठूला नानीहरुले सानाहरुलाई नकल गर्नमा मदत गरुन्। तिनीहरुले आरधनाको समयमा प्रौढ़हरुलाई देखाऊन्।
- खाली चिहानले यो देखाउद छ कि हामीलाई सबै दुष्टको चालहरु अनि रोगहरु देखि परमेश्वरले बचाउनु हुन्छ, तिनीहरुलाई बुझाउनु होस्।

हामी कष्ट भोग्छौं। बुझाउनु होस : यही जीवनमा

भएता पनि येशूले हामीलाई एउटा नयाँ, असल जीवन जो सदा रहीरहन्छ, दिनु हुन्छ।

लूका 19:10 कण्ठस्थ पार्नु होस्।

**कविता :** तीन जना नानीहरुले एक एक पद गरि भजन संग्रह 25:1,2 र 7 सुनाऊन।

ठूला नानीहरुले चंगाईबारे जो आफनै आँखाले देखेका वा येशू तिनीहरुको हृदयमा कसरी आउनु भयो त्यस बारे साक्षी देऊन वा एउटा कविता वा गीत लेख्न लाऊनु होस्।

**प्रार्थना :**''प्रिय प्रभु, दुष्टले ल्याउने कष्टहरुलाई दमन गर्ने तपाईको शक्तिको हामी प्रशंसा गर्छौ। तपाईले हामीलाई निको पार्नुहुन्छ अनि हाम्रा पापहरु क्षमा गर्नुहुन्छ। हाम्रो हृदयवाट दुष्टलाई निकाली दिनु भएको निम्ति धन्यवाद, अनि हामीलाई जीवन दिनु भएको निम्ति धन्यवाद। हामी विश्वास गर्छौं जब हामी तपाईसित हुन्छौं त्यहां कुनै कष्ट हुने छैन्।''

# समाजिक कामद्वारा प्रचार गर्नु

## तपाईको मित्रलाई येशूकहां लैजानु

नानीहरुलाई सिकाउनेले अध्ययन डब्ल्यू. 1 बी. पढ्नुपर्नेछ।

1. **परमेश्वरको वचन ले तपाईको हृदय र मनलाई तयार पार्नुहोस्, तपाईले आफ्नो बगाललाई ख्रीष्टको साक्षी तिनीहरुको मित्रहरु अनि नातेदारहरुलाई दिनमा सहयोग पुरयाउन सकनु हुन्छ।**

''प्यारा पवित्र आत्मा, हाम्रा बौरी उठन भएको येशू ख्रीष्टलाई हाम्रा मित्रहरु माझ लैजानलाई तपाईको शक्ति हामीलाई दिनु होस्।''



प्रेरित 10 अध्ययामा पत्ता लाउनु होस् कि यस्तो के भयो, जसमा अन्य शहर अनि समाजमा नयाँ मण्डलीहरुको जन्म भयो।

- जब परमेश्वरले यो घटनाको निम्ति मानिसहरुलाई तयार गर्दै हुनुहुन्थ्यो तब पत्रुस अनि कर्नीलियस दुवै के गर्दै थिए?

- जब कर्नीलियस प्रार्थना गर्दै थिए स्वर्गे दूतले तिनलाई के गर्नु भनि बताए?



- कर्नीलियसले पठाएका सिपाहीहरु जोप्पामा आइपुग्न भन्दा अघि परमेश्वरले पत्रुसलाई अन्यजातीहरुको घरमा जानु अनि तिनीहरुको अवरोध लगाएको भोजन खानलाई तयार पार्नुभएको थियो। पत्रुसले कस्तो छक्कपर्दो दर्शन देखेका थिए?

- जब परमेश्वरले पत्रुसलाई ती अशुद्ध पशुहरु खानको निम्ति दर्शनमा भन्नु भयो, उसले बुझन सके कि तिनले सबै जातका मानिसहरुलाई आदर गर्नु थियो। पत्रुसको साथमा को सिजरियामा कर्नीलियसको घरमा गए?

जब पत्रुस अनि तिनका साथमा भएकाहरु सिजरीयामा आइपुगे तिनीहरुले कर्नीलियसको घरमा कसले पर्खीरहेका भेटाए?

- पत्रुसले कर्नीलियसका हितका मित्रहरु अनि परिवारहरुलाई येशूको बारेमा बताएका अन्तिम विषय के थियो?
- येशूको जीवन-दिने पुनरुत्थानको घोषणा गर्दा पत्रुसलाई सुन्ने सबै माथि पवित्र आत्मा ओर्लनुभयो। पत्रुस अनि तिनका सह-कर्मीहरुले तिनीहरुको विश्वास र पश्चतापलाई कसरी पक्का गर्नुभयो?
- नयाँ विश्वासीहरु बप्तिस्मा भए पछि पत्रुस त्यहां कति दिन सम्मन् बसेका थिए?

- पत्रुस अनि तिनका सहयोगीहरु झैं मलाई पनि नयाँ विश्वासीहरुलाई येशूमा तरआज्ञाकारी बनाउनु केहि दिनको निम्ति बसेका थिए। के पत्रुसले बहुमुल्य पुर्जाहरु उपयोग गरे? के तिनी सित साक्षीको उच्चकलाहरु थिए ताकि साधरण मानिसहरुले तिनको नकल गर्न सकदैन थिए?
- यस चित्रमा के भूल छ?




(उत्तर : नयाँ विश्वासीहरुले अनुकरण गर्न सकने गरी येशूको बारेमा बताउनमा यो प्रचारक चुकेका छन्। तिनले संदेशलाई व्यक्ति देखि अर्को व्यक्ति सम्म पुरयाउन सकेका छैनन्। जब प्रचारकहरुले, पत्रुस जस्तै, तरिकालाई प्रयोग गर्दछ, सबै विश्वासीहरुले प्रयोग गर्न सकछन्, धेरै मानिसहरुमा सुसमाचार फैलिनेछ। येशूको बारेमा सुनाउन मानिसहरुलाई अकार्षित गर्न विशेष उपलक्ष्यमा सुन्दर संगीतलाई प्रयोग गर्नु ठिकै हुन्छ। यदपी, संगीत सुसमाचारको मुख्य तरिका (प्रणाली) हुनु हुदैन)।

**2. साता भर गरीने विषयहरुको योजना सह–कर्मीहरु सित बनाउनु होस्।**

- येशूको बारेमा विश्वासीहरुले तिनीहरुको मित्रहरु अनि नातेदारहरुलाई बताउन जानको निम्ति योजनाहरु तयार पार्नु।
- हरेकको निम्ति साक्षीको काम सजिलै हुन सकुन भनि मार्गहरुको बिचार गर्न परमेश्वरलाई मदत मांग्न।
- येशूको नाउं अझ सम्म पनि नसुनेका मानिसहरु कहाँ जानलाई कार्यकतीहरुको निम्ति योजना गर्नु। तिनीहरुले कर्नीलियस जस्तै मानिसहरु खोज्नु पर्छ जसलाई परमेश्वरले सुसमचार सुन्नलाई अनि मित्रहरुसित बांटनलाई तयार पार्नु भएको छ।

**3. आउने आरधनाको योजना सह–कर्मीहरुसित बनाउनु होस्।**

स्थानीय रिती अनि प्रसंगमा मिल्ने क्रिया–कलापहरु चुन्नु होस्। उदाहरणको निम्ति :

प्रेरित 10 अध्याय देखि पत्रुस अनि कर्निलियस को कथालाई अभिनय गराउनु होस वा बताउनु होस्।

तपाईले भाग–1 मा के पाउनुभयो त्यसबारे प्रश्नहरु गर्नुहोस्। तपाईले प्रेरित 10 मा पत्तो लगाउनु भएको सत्यताहरु बारे बातचित गर्नलाई विश्वासीहरुलाई मदत गर्नुहोस्। यस बारेमा :

- प्रचार प्रार्थना सित प्रारम्भ हुन्छ।
- परमेश्वरले दुवैलाई तयार पार्नुहुन्छ जसले सुसमचार सुन्दछ अनि जसले तिनीहरुमा लैजांदछ। यसरी दुवैले पवित्र आत्माको शक्ति द्वारा कुरा गर्न सकदछ।
- दुई वा बड़ी इसाईहरु एकसाथ काम गर्नु पर्छ। येशू अनि तिनका प्रेरितहरु कहिल्यै एकलै यात्रा गरेनन्।

**पावल–तिमोथी गोठालाको अध्ययन–प्रचार, डब्ल्यू.1 ए.**


- सुसमाचारलाई परिवारहरुको सदस्यहरु अनि हितका मित्रहरुको मुलकामहरु द्वारा सहजै पढ्न सकछन्।
- सुसमाचार स्वतंत्र प्रकारले बग्नलाई तरिकाहरु प्रयोग गर्नोस्, जसै नयाँ विश्वासीहरुले एकै पटकमा अनुकरण गर्न सकोस्। पत्रुस, उदाहरणको लागी, येशूको बारेमा मात्र, उहांको मृत्युको बलिदान अनि जीवन दिने पुनरुत्थान, सबैले गर्न सकने प्रकारले भन्द थिए।
- नयाँ विश्वासीहरुको विश्वास अनि पश्चातापलाई बप्तिस्मासित पक्का गर्नुहोस्।
- नयाँ विश्वासीहरु को नयाँ विश्वासलाई स्थिर गराउन, येशूको आज्ञा पालन गर्न तिनीहरुलाई सिकाउनलाई विश्वासीहरुसित केहि समय सम्म बस्नुहोस्। यदि त्यस समाजमा मण्डली छैन् भने, एउटा प्रबन्ध गर्नुहोस्।

खीष्टमा नयाँ जीवन प्राप्त नगरेका मित्रहरु अनि नातेदारहरुको नाउं लिएर प्रार्थना गर्नुहोस्।

जसले हालमा खीष्टमा विश्वास गरेका छन् वा चंगाई पाएका छन् ती मानिसहरुको निम्ति परमेश्वरलाई प्रशंसा चढ़ाउनु होस्। साक्षीहरु दिनुहोस्।

प्रेरित 16:31 कण्डस्थ पार्नुहोस्।

नानीहरुले तयार पारेका विषयहरु मण्डलीमा प्रस्तुत गर्न लगाउनुहोस्। तिनीहरुले तयार पारेका प्रश्नहरु छन् भने प्रौढ़हरुलाई सोधुन्।



तपाईले तयार परेका हप्ता भर गरिने प्रचारको सुचना दिनु होस्। विश्वासीरुले कसलाई अनि कहिले साक्षी सुनाउने त्यसमा मदत गर्नोस्। विश्वासीहरुलाई प्रार्थना गर्न अनि तिनीहरुको योजनाहरु पक्का गर्नलाई दुइ वा तीनको झूण्डमा केहि क्षण भेटनको निम्ति आग्रह गर्नुहोस्।

प्रभु भोज परिचय गर्नलाई पत्रुसलाई परमेवरले अयहूदी (अन्यजाती) सित खान कसरी भन्नु भयो त्यसरीनै स्वर्गमा पनि सारा जातीका मानिसहरु खीष्टको महिमीत विवाहको भोजमा सामेल हुनेछन्। प्रभु भोज त्यो भोजको एक स्वादको भाग हो। खीष्ट स्वयम प्रशंसा अनि आदरको व्यक्ति हुनुहुन्छ, जसलाई हामी आमने सामने देख्नेछौं।

# फिलिप रथमा चढ़ेर येशूको बारेमा बताए

## येशूको बारेमा सुसमाचार सुनाउन नानीहरुलाई सिकाउनु

नानीहरुले सिकने कुनै क्रियाकलापहरु तिनीहरुको खांचो अनुसार सुहाउने कुनै पनि चुन्नुहोस्।

हुन सक्छ भनें, यो चित्र नानीहरुलाई नकल गर्न दिनोस्।



प्रेरित 8:26-40 देखि फिलिप अनि एथीयोपियाको खजाञ्ची को कथालाई ठूला नानी वा शिक्षकले पढ्न। यस घटनाले फिलिपलाई पवित्र आत्माले येशूको बारे रथमा भएका मानिसलाई सुसमाचार दिनलाई मदत गर्नु भयो। यो मानिस एथीयोपियाका थिए अनि पहिले धर्मशास्त्र बुझ्न सकेका थिएनन्।

प्रेरित 8:26-46 देखि कथा सुनाए पश्चात तीन प्रश्नहरु गर्नुहोस्। (उत्तरहरु प्रश्नको पछि छन्)।

- फिलिपलाई एकान्त बाटो जान कसले बताए? (पद 26 हेर्नुहोस्)
- रथसम्मन् जानलाई फिलिपले कत्ति चांड़ो आत्माको आज्ञालाई पालन गरे? (पद 30)
- एथीयोपियाका मानिसले के पढ़दै थिए? (पद 30 हेनुहोस्, तिनले भविष्यवक्ता यशैयाको किताब पढ़दै थिए, जो धेरै वर्ष अघि बांचेका थिए, यशैया 53:3)।
- यो शास्त्रले भविष्यको अगमवाणी कसको बारेमा गर्दैथे? (प्रेरित 8:32 हेर्नुहोस् : यो येशूको बारेमा थियो, जो भेड़ा झैं काटिनालाई लगिनु अनि मर्नु थियो।)
- एथीयोपिथरनलाई फिलिपले कति चांड़ै बप्तिस्मा दिए? (पद 38)।

फिलिप अनि एथीयोपियनको बारे कथाको केहि भागहरु नाटकमा दर्शाउनु होस्।

- यो छोटो नाटकलाई प्रस्तुत गर्न मण्डलीका अगुवाहरुले प्रबन्ध मिलाउन। नाटक तयार पार्न नानीहरुसित समय बिताउनु होस्।
- ठूला नानीहरुले वा प्रौढ़हरुले यी पाठहरु गरुन :

**कथक :** कथालाई छोटकरीमा बताउनु अनि नानीहरुले के भन्नु पर्छ संझना गराउनु।

**फिलिप :**

साना नानीहरुले यी पाठहरु गरुन :

**एथीयोपियन**



**घोड़ाहरु** (एक वा दुइ)

**आवाज** (परमेश्वरको आत्माको)

**कथक :** कथाको पहिलो भाग प्रेरित 8:26-35 देखि सुनाउनु होस्। भन्नोस्, ''सुन्नुहोस् स्वर्गदूतले फिलिपलाई के भन्दछ।''

**पावल-तिमोथी अध्ययन-प्रचार, डब्ल्यू. 1 बी.**

**आवाज :**''फिलिप, एकान्त बाटोमा जाऊ। अहिलेनै, तिमीले त्यो रथ देख्नेछौ? त्यसको नजीक जाउ।''

**घोड़ाहरु :**दुइवटा कुर्सीको अगाड़ि उभिनु जसले रथको प्रतिनिधित्व गर्दछ। घोड़ा हिड़े झै वहना गर्ने।

**एथीयोपियन :**(एउटा कुर्सीमा बसेकाहुन्छन्) यशैया 53:7-8 पढ़दछ। भन्दछ, म यो बुझदीन, यो थूमा को हो?''

**फिलिपी :**''म तपाईलाई बुझाउने छु।'' (अर्को कुर्सीमा बस्दछ)।''यो येशूको बारेमा भविष्यवाणी बारेमा हो जो हाम्रो खातिर थूमाको रूपमा मर्नुभयो।

**कथक :**कथाको दोस्रो भाग प्रेरित 8:36-49 देखि सुनाउनु होस्। भन्नोस, ''सुन्नुहोस् एथीयोपियनले के भन्दछ।''

**एथीयोपियन :**हेर्नुहोस्, यहां पानीछ! मलाई बप्तिस्मा लिनलाई के ले रोक्दछ?''

**फिलीप :**''यदि तपाईले हृदयलेनै विश्वास गर्नुहुन्छ भने तपाईले लिन सकनुहुन्छ।''

**एथियोपियन :**''बोह, घोड़ाहरु! रोक!''

**घोड़ाहरु :**ईं-ईं घोड़ाको आवाज गर्नु। दुवैले आफ्नो एउटा खुट्टा माथि हावामा उचालेको अभिनय गर्ने।

**फिलिप :**(एथियोपियनको छेउमा पुगेर बप्तिस्मा दिएको वहनागर्ने, अनि कुदेर जाने र लुकने।)

**एथियोपियन :**''त्यो मानिस कहां छ? उसले मलाई बप्तिस्मा दिए पछि अल्पिए।''

**कथक वा ठूला नानी :**नाटकमा मदत पुरयाउने सबैलाई धन्यवाद दिनोस्।

यदि यो नाटक नानीहरुले प्रौढ़हरुको निम्ति गर्दैछन् भने...

- माथि सुचित गरिएको प्रश्नहरु नानीहरुले प्रौढ़हरुलाई सोधुन्।
- ठूला नानीहरुले पनि प्रौढ़हरुलाई सोध्न सकछन्,''येशूको बारेमा अरू मानिसहरुसित बात गर्नलाई अरु के उपायहरु हुन सकछन्?''
- मानिसहरुले उदाहरणहरु देऊन।

यस प्रकारको वाटो भएको चित्र कोर्णुहोस्।



- नानीहरुले चित्रलाई नकल गरुन अनि तिनीहरुका माता-पितालाई देखाऊन, अर्को आरधनाको समयमा प्रौढ़हरुलाई देखाऊन्।
- एउटा रथमा दुई मानिसलाई घोड़ाले तान्दै गरेको चित्र बनाउन दिनु होस्।

- ठूला नानीहरुले सानाहरुलाई मदत गरुन।

**यूहन्ना 3:16।**

कविता। यशैमा 53:6-8 देखि तीन जना नानीहरुलाई एक एक पद सुनाउन लाउनुहोस्। ठूला नानीहरुलाई फिलिपको बारेमा कविता वा गीत लेख्न लाउनु होस्।

**प्रार्थना :**''बुवा, हामी तपाईको आत्मालाई पछ्याउन चांहन्छौं जब उहांले हामीलाई डोर्‍याउनु हुन्छ। हामीलाई ती मानिसहरु कहां डोरयाउनु होस् जो तपाईको सुसमाचार सुन्नालाई तयार छन्। तपाईको पुत्र येशूको बारेमा तिनीहरुलाई बाइबलका कथाहरु संझना गर्नलाई मदत गर्नुहोस्। हामी चांहन्छौं कि तपाईले गर्नु भएको उदेकका कुराहरु बारे सबैले जान्न सकून।''

# आदमले झै, हामी सबले पाप गरेका छौ :


## हाम्रा पापले हामीलाई दोषी ठहराउछ, लज्जित पार्दछ, अनि बन्धनमा पार्दछ।

नानीहरुलाई सिकाउनेले अध्ययन एस. 4 बी. पढ्नु पर्छ।

**प्रार्थना :** प्रभु येशू, हाम्रो पापको परिणाम देखि बचाउनलाई तपाई मर्नुभयो। हामीलाई हाम्रा पापहरुसित सामना गर्नलाई अनि पाप माथि विजय पाएर जीउनलाई मदत गर्नुहोस्। आमेन।''

वर्तमान खांचोहरु अनि स्थानीय रितीहरुलाई सुहाउंदो क्रियाकलापहरु चुन्नुहोस्।

1. **तपाईको मण्डलीलाई त्यसका अधर्म सित व्यवहार गर्न मदत पुरयाउनलाई आफैलाई परमेश्वरको वचन अनि प्रार्थना सहित तयार पार्नुहोस्।**



बाइबलले सिकाउंदछ कि सबै पापमा जन्मेका छन्, सबै पापीहरु हुन्, अनि हामी हरेकले पाप गरेका छौं (1 यहून्ना 1:8-10)।

पाप कहांबाट आए, उत्पत्ती 3:1-9 मा पत्तो गर्नुहोस् :

- हाम्रा आदि माता-पितालाई शैतानले के झुठ बोलेका थिए (पद 4 अनि 5)
- परमेश्वरले शैतानको विरुद्धमा कस्तो दण्ड घोषणा गर्नुभयो? (पदहरु 13-15)।
- परमेश्वरले हाम्रा आदि माता-पितालाई कस्तो दण्ड घोषणा गर्नु भएको थियो? (पदहरु 16-19)

भजन संग्रह 12:1-5 मा पत्तो लाउनुहोस्, कि राजा दाऊदले उसको पापको बारेमा के भनेका थिए :

- तिनको खांचो के हुन भनि तिनले स्वीकार गरे? (पद 1 अनि 2)
- तिनले आफ्नो पाप बारे के भने (पद 3)
- कसको विरुद्धमा तिनले पाप गरे? (पद 4)
- तिनी कहिले पापी बने? (पद 5)



हाम्रा पापहरु कति डरलाग्दा छन्, हिब्रू 12:1-4 मा खोज्नु होस् :

- हामी विश्वासीहरु पाप गर्नमा कत्ति तत्पर छौं? (पद 1)
- येशू ख्रीष्टले हाम्रा पापहरुको निम्ति क्रूसमा के सहनु भयो? (पद 2)
- हामीलाई अरु पापीहरुको कारणले के हुनसक्छ (पद 3)
- हामीले कहिले काहीं पाप किन जन्माउंछौं? (पद 4)

हाम्रा पापहरुले तीन डरलाग्दो परिणामहरु ल्याउंदछन् : दोष, लाज अनि बन्धन् :

(1) दोष। हामी परमेश्वरको अघि दोषी छौं

- एक अपराधीलाई न्यायलमा न्याधिशले जसरी रद्द तुल्याउंदछ, त्यसरी नै हामीले हाम्रो पापहरुको हिसाब परमेश्वरलाई दिन पर्छ।
- ख्रीष्टले हाम्रा पापहरु क्रूससम्म लानु भयो जहां हाम्रो सद्दामा मर्नु भयो। यसोसले, येशूमा भरोसा गर्ने हरेकलाई परमेश्वरले क्षमा गर्नुहुन्छ।

(2) लाज। हामी परमेश्वरको सामने लाज सहनुपर्छ।

- एउटा व्यक्ति जसलाई कुनै लाजस्पद्ध काम गरेकोमा पकड़ा पर्दछ, त्यसरी नै हामी मानिस जातीको सबै पापहरु परमेश्वरको अन्तिम न्यायको अघि प्रकट हुनेछ त्यस समय हामीले लाज सहनु पर्नेछ।
- तर-परमेश्वरलाई धन्यवाद, येशू ख्रीष्टले हाम्रो सट्टामा लाज सहनुभयो, जसले गर्दा, जब उहां आउनु हुन्छ, हामी लाज (गर्म) मा पर्ने छैनों।

**(3.) बन्धन। पापको आचरणले हामीलाई बन्धनमा पार्दछ।**

- एक मतवाला जस्तो जसले पिउन बन्द गर्न सकदैन्, अनि जस्को परिवार उसको पिउने आदतको कारणले नष्ट भएकोछ, त्यस्तै प्रकारले हामीले पनि मद-पान, ड्रग्स, जादूगरी, झूटो देवताहरु, अनैतिक क्रियाकलापहरु, अनि अवैध सम्बन्धहरुमा नराम्रो आदत बसाएका छौं।
- तर परमेश्वरलाई महिमा होस्! जब येशू हाम्रो पापको निम्ति क्रूसमा मर्नु भयो, उहांले दुष्टको शक्तिलाई नाश पार्नु भयो अनि हाम्रा बन्ध्नहरु देखि मुक्तिको प्रबन्ध गर्नुभयो।

**2. आउने साताको क्रियाकलापहरुको योजना तपाईको सह-कर्मीहरुसित बनाउने**

तपाईको मण्डलीका सदस्यलाई क्षमा दिने अनि स्वतंत्र हुनपर्ने खांचोलाई एक साथ बसेर छलफल गर्नु।

- कुन सदस्यहरुलाई तिनीहरुले गरेको दोषको निम्ति परमेश्वरको क्षमाको अंगालो जरूरी छन्? तिनीहरु कहां जानु, तिनीहरुको पापको स्वीकार गर्नमा मदत गर्नु, प्रभुभोज दिनु, अनि क्षमाशीलता बुझनलाई तिनीहरुसित प्रार्थना गर्नु।
- कुन सदस्यले तिनीहरुले पहिलो जीवनलाई सम्झेर अझै पनि लाज मान्दछ? तिनीहरु कहां जानु, येशूले तिनीहरुको निम्ति आफैले लाज बोकनु भयो भनि बुझाउनु अनि लाजलाई दमन गर्नलाई प्रार्थना गर्नु।
- कुन सदस्यलाई बुरो आदत दमन गर्न खांचो छ? तिनीहरु सित भेट गर्नु तिनीहरुले आफ्रो बुरो आदत अस्वीकार गर्नमा मदत गर्नु, तपाईको लगातार फिक्रि अनि तिनलाई स्वतंत्रको निम्ति प्रार्थना गरिदिने आश्वासन दिनु।

सम्पूर्ण सदस्यहरुले 1 यहून्ना 2:28 कण्डस्थ गरुन।

**3. आउने आरधनाको योजना सह-कर्मीहरु सित बनाउने**

आदम अनि हवा अनि तिनीहरुको पतनको कथालाई उत्पत्ती 3 अध्याय बाट अभिनय गराउनु अनि भन्नु। भाग-1 मा माथी सुचित गरिएको प्रश्नहरु नै सोघ्नु होस्।

दाऊदले आफनो पाप बारे के भने अनि भाग-1 बारे प्रश्नहरु सोघ्नु होस्।

रोमी 3:19-23, 1 यहून्ना 5:16-19 अनि हिब्रू 12:1-4 देखि सत्यतालाई छोटकरीमा बुझाउनुहोस्, अनि एउटै प्रश्नहरु गर्नुहोस्।

**पावल-तिमोथी गोठालाको अध्ययन-प्रचार, एस. 4 ए.**

हालैमा बुरो आदत बार छुटकारा पाएका वा प्रेतआत्मा देखि मुक्त भएका विश्वासीहरुलाई साक्षी दिन लाउनु होस्।

नानीहरुले नाटक प्रस्तुत गरुन अनि तिनीहरुले तयार पारेका प्रश्नहरु गरुन।

प्रेरित 19:11-20 पढ़्नुहोस् वा अभिनय गर्नुहोस्। मानिसहरुले तिनीहरुको पापहरु स्वीकार गरेर अनि तन्त्र-मन्त्रको बन्धनलाई त्यागे, बुझाउनु होस्। यसकारणले, तिनीहरुलाई क्षमा भए, तिनीहरुको लाजलाई दमन गरे, अनि तिनीहरु दुष्ट आत्माको बन्धन देखि स्वतंत्र भए।

प्रभुभोज परिचय गर्नलाई, उत्पत्ती 3:6-10 अनि पद 21 पढ़्नु होस्। आदम अनि हवाले तिनीहरुको लाजलाई नेभाराको पातले ढाक्ने कोशिष गरे भनि बताउनु होस्। तर परमेश्वरले पशुको छाला ओढ़ाउनु भयो किनमने हाम्रा पापहरु परमेश्वरको सामने मा एक निर्दोष व्यक्तिको रगतले ढाकनै पर्छ। अघिबाटै बताएइएको पशुको बलिदान परमेश्वरको थूमा येशूले सबै पापहरु लिनु भयो।

दुइ वा तीनको सानो झूण्ड बनाउनु होस्। तिनीहरुले गरेका पापहरु स्वीकार गरुन अनि एका दुस्राको क्षमा अनि स्वतंत्रताको निम्ति प्रार्थना गरुन्।

यशैया 1:18 एक साथ कण्डस्थ पार्नु होस्।

# दुष्ट अनि खराब कुरोहरु संसारमा कसरी प्रवेश भयो

**प्रार्थना :**''प्रिय प्रभु, नानीहरुले तिनीहरुको पाप् आदमको पापझैं छन जसले तपाई देखि अलग गर्दछ अनि तिनीहरुलाई तपाईको क्षमाशीलको खांचो छ, उहांसित सदा सर्वदालाई रहन भनि चेतावनी दिनलाई यस अध्ययनलाई प्रयोग गर्नु होस्।''

अनाज्ञाकारी आदम अनि हवाको कथा उत्पत्ती 3 अध्याय देखि ठूला नानी वा शिक्षकले स्मृती द्वारा वा पढ़ेर सुनाऊन। शैतानले कसरी सर्पको शरीरलाई प्रयोग गरेर आदम र हवालाई परमेश्वरको बिरुद्ध अनाज्ञाकारी हुनलाई परिक्षा गरे,



यसले बताउंदछ। जब परमेश्वर पवित्र हुनुहुन्छ, उहाँले तिनीहरुलाई आपनो उपस्थीती देखि हटाउनु भयो अनि मर्न दिनु भयो।



कथा सुनाई सकेपछि, यी प्रश्नहरु गर्नुहोस्

(उत्तरहरु हरएक प्रश्नको पछि छन्।)

- हव्वालाई कसरी थाहा थियो कि उसले फल खाएको परमेश्वरले चाहनु हुंदैन थ्यो? (पद 3 हेर्नुहोस्)।
- हव्वालाई त्यो फल खान लाउनको निम्ति शैतानले कस्तो झूठो कुरा गरे? (द 4-5)
- आदमले फल किन खाए? (पद 6)
- आदम अनि हव्वाले तिनीहरुको अनाज्ञाकारीताको दोष कसलाई दिए? (पद 12-13)
- परमेश्वरले शैतानलाई के भन्नु भयो कि स्त्रीको सन्तानले त्यसलाई के गर्नेछ? (पद 15)
- हवाको दण्ड के हुन्छ भनि परमेश्वरले भन्नु भयो? (पद 16)
- आदमको दण्ड के हुन्छ भनि परमेश्वरले भन्नु भयो? (पद 17)
- परमेश्वरको उपस्थितीलाई बर्घैंचामा किन त्याग्न परयो? (पद 22-24)

मानिस जातिको आदिम पापको कथालाई उत्पत्ती 3 अध्याय देखि नाटकमा दर्शाउनु होस्।

- नानीहरुले यो छोटो नाटक प्रौढ़हरुलाई प्रस्तुत गर्नमा मण्डलीका अगुवाहरुले प्रबन्ध गरी दिऊन। तपाईले सम्पूर्ण भागहरु प्रयोग नगेर पनि हुन्छ।
- नाटकलाई तयार पार्नमा नानीहरुसित तपाईले समय बिताउनु होस्।
- ठूला नानीहरुले सानाहरुलाई नाटक तयार पार्नमा मदत गरुन्।
- ठूला नानीहरु वा प्रौढ़हरुले कथक, आदम, हवाको पाठहरु गरुन् (ठूला आकारको पातहरु पक्रनु), परमेश्वरको आवाज अनि सर्प (फललाई प्रतिनिधित्व गर्ने केहि थोक लिनु होस्)।
- साना नानीहरुलाई पशुहरु अनि स्वर्गेदूतको (एउटा तरवार बोकनु) भागहरु खेल्न दिनुहोस्।

**कथक :**कथाको पहिलो भाग उत्पत्ती 3:1-6 देखि भन्नुहोस्। त्यसपछि भन्नोस्, आदमले पशुहरुको नामकरण गर्दछ। हेर्नुहोस्, पशुहरु कसरी हिंड़दछ।''

**पशुहरु :**पशु जस्तै हिंडने, एक पटकमा एक वा धेरै नानीहरु। पशुको आवाजहरु गर्ने।

**आदम :**पशुलाई देखाउंदै कुनै एउटालाई सोध, ''म यसको नाउं के राख्नु ?'' (व्यक्तिलाई उत्तर दिन लाउनु होस)।

**कथक :**''शैतानले सर्पको शरीर लिंदछ। सुन्नुहोस् त्यसले के भन्दछ।''

**सर्प :**स्वां स्वां जोड़ले गर्नु ! तब भन्नोस, ''हवा ! सुन !'' (स्वां... अनि पक्रेको फल हळा तर्फ बड़ाउनु) ''के परमेश्वरले तिमीलाई बगैंचाको कुनै पनि फल नखानु भन्नु भएको छ ?''

**हवा :**''अहा ! कत्ती सुन्दर सर्प ! (फललाई देखाउंदौ) '' होइन ! हामीले बगैंचाको जुनसुकै फल खान मनाही छ। यदि हामीले खायौं मने मर्नेछौं।

**सर्प :**जोड़ले हिसस् (स्वां-स्वां) त्यसपछि भन्नोस्, ''होइन हवा। तिमी मर्दैनो। तिमी परमेश्वर जस्तै ज्ञानी हुन्छौ। तिमीले जान्ने छौ पाप के हो ! (दुष्ट प्रकारले हांस्नु)

**हळा :** फल त स्वादिलो देखिन्छ। म उत्ताउला भएको छु। म जान्न चाहन्छु कि पाप कस्तो हुन्छ। परमेश्वरले के भन्नुभयो, मलाई वास्ता छैन। म आज्ञा मान्ने छैन् अनि मलाई जे खान इच्छालाग्छ त्यही खान्छु।''

**हळा :**फलको एक टुक्र खाए झैं बहना गर्ने, अनि आदमलाई दिने। भन, ''आदम ! यो मिठो फल तिमीले पनि म संगै खाओ।''

**आदम :**''हवा, परमेश्वरले भन्नु भएकोछ यो नखानु। तर म आज्ञा मान्ने छैन्, यदि तिमीले गर्छौ भनें। म पनि जान्न चाहन्छु दुष्ट के रहेछ।''

**सर्प :**हांस्छ अनि हिसस् गर्नु। भन, ''तिमीहरुले परमेश्वरको आज्ञालाई उलंघन गर्न चुन्यौ। अब उहांले तिमीहरुलाई संधैको निम्ति त्याग्नु हुनेछ। (हिसस अनि हांस्दछ)

**कथक :**कथाको दोस्रो भाग उत्पत्ती 3:7-13 देखि सुनाउनु होस्। त्यस पछि भन्नोस, ''सुन्नु होस् आदमले के भन्दछ।''

**आदम :**''हळा ! हामीले के गरयौ ? हामीले परमेश्वरको आज्ञालाई उल्लंघन गरयौं ! अब म नाङ्गै पो रहेछु।''

**हळा :**''यहां केहि नेभाराको पातहरु रहेछ। म सिलाएर हाम्रो निम्ति लूगा बनाउने छु।

**परमेश्वरको आवाज :**कराएर, ''आदम ! आदम ! तँ कहां छस् ? म तँसित बगैंचामा डुल्न चाहन्छु, जो मैले तेरो आनन्दको निम्ति सृष्टि गरेको हूँ।''

**आदम :**''म डराएं किनमने म नाङ्गै थिएं। र म लुकें।''

**परमेश्वरको आवाज :**''तं नाँङ्गै छस् भनेर कसले भन्यो ? मैले मनाही गरेको फल तिमीहरुले खायौ ?''

**आदम :**''हळाले त्यो मलाई दियो।''

**हळा :**''सर्पले मलाई छल गरयो। त्यसले भन्यो कि त्यो फल हाम्रो निम्ति असल हुन्छ।''

**कथक :**कथाको तेस्रो भाग उत्पत्ती 3:14-24 बाट सुनाउनु होस्। त्यस पछि भन्नोस्, परमेश्वरले पशुको छालाबाट आदम अनि हवाको निम्ति लुगा बनाईदिनु भयो। सुन्नुहोस् उहांले के भन्नुहुन्छ।''

**परमेश्वरको आवाज :**''सर्प, तँ पेटको बलले हिंड़ने छस्, स्त्रीको सन्तानले तँलाई कुच्याउनेछ। हळा, तँ अनाज्ञाकारी भइस्। दु:ख संग तैंले बालक जन्माउने छस्। आदम, जीवन-भरि दु:ख गरेर खानेछस्। जाउ, तिमीहरु मसित अब उसो बगैंचामा रहन सकदैनौं।''

**स्वर्गेदूत :**आदम तिर तरवार हल्लाउंदै अनि भन्छ, ''तिमीहरुले परमेश्वरको आज्ञा उलंघन गरेकाछौ। तिमीहरु जहां

सदा रहनु पर्ने थियौ अब परमेश्वरको उपस्थितीमा तिमीहरु रहने छैनौं।''

**कथक :**नाटकमा मदत गर्ने सबैलाई धन्यवाद टक्राउने, अनि प्रौढ़हरुलाई सुनिदिनु भएको निम्ति धन्यवाद!

**उदाहरण :**एउटा नानीको पिठयूंमा ठूलो थैली कसेका छन्। तिनी–विभिन्न मनिसहरु कहां जांन्छ अनि सोद्धछ, ''म यो कष्टमय पापको बोझ देखि कसरी छुटकारा पाउन सकछु?'' (तिनीहरुलाई उत्तर दिन लाउनु होस्) अर्को नानी चाकुको साथमा बताउंदछ,''यो तरवार परमेश्वरको वचन हो। यसले बताउंदछ कि येशूको रगतले हाम्रा पापहरु धोइन्दछ।'' (काट वा डोरी खोली देऊ अनि थैली झरुन्।)

नानीहरुलाई एउटा सर्प वा फलको चित्र बनाउन लाउनु होस्। तिनीहरुको चित्र अर्को आरधनाको समयमा प्रौढ़हरुलाई देखाऊन अनि शैतानले हामीलाई कसरी परिक्षा गर्दछ भनि उदाहरण दिएर बुझाउन।



साना नीनीहरुलाई रोमी 3:23 कण्डस्थ गर्न लाउनु होस्, अनि ठूला नानीहरुलाई रोमी 5:12 कण्डस्थ गर्न दिनु होस्।

छलफल। नानीहरुलाई सोध्नु होस्,''आज का दिनहरुमा मानिसहरुले परमेश्वरको आज्ञा उलंघन गर्नलाई कस्तो वाटो अपनाउंछन्?''

**कविता।** तीन जना नानीहरु प्रत्येकले एक पद गरी भजन संग्रह 53:1–3 देखि सुनाउन।

**प्रार्थना :** ''प्रिय प्रभु, हामीले घेरै पटक आज्ञा उलंघन गरेका छौं। हामी शैतानको दास बनेका छौं। स्त्रीको सन्तान येशूलाई शत्रुको शिर कुच्याउनलाई अनि हामीलाई स्वतंत्र पार्नलाई पठाई दिनु भएको निम्ति धन्यबाद।''